'हाम्रोएकता' प्रकाशनको गौरवमय 19 औं वर्ष
- हाम्रोएकता समिति

पृष्ठ सं० - 8

भारतीय अखण्डताको प्रतीक

# हाम्रोएकता

नेपाली भाषाको मासिक समाचार पत्र

**भाषा छ त हामी छौं**

हाम्रो भाषा नेपाली छ त हामीछौं, भाषा छैन त हामी छैनौं। कुनै जातिलाई मास्नु छ भने उस्को भाषालाई समाप्त गरि दिनु पर्छ त्यो जाति आफै बिलाउंछ। हामी गोरखाहरू भाषालाई छोड़ेर न बिलाऔं
-हाम्रोएकता

वर्ष -12 | अंक-04 | देहरादून, 30 जून 2017 | मूल्य रु० 3.00

## व्हाइट हाउसमा मोदी र ट्रूम्पको चिर प्रतिक्षित मिलन

हाए कार्यालय



प्रधानमंत्री नरेन्द्र मोदीज्यू अनि अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रंप र उनकी श्रीमती भेटघाटको बेला

**वाशिंगटन प्रेट्र।** प्रधानमंत्री नरेन्द्र मोदीज्यूको सोमवार अमेरिकाको राष्ट्रपति भवन व्हाइट हाउसमा गर्मजोशी संग स्वागत गरियो। जसै प्रधानमंत्री मोदीज्यूको कार राष्ट्रपति भवनमा पुग्यो, राष्ट्रपति डोनाल्ड ट्रंप र उनकी श्रीमती मिलेनिया स्वयं कारको छेउमा आएर उनको अगवानी गरे। प्र.मं. नरेन्द्र मोदीज्यूले यस हार्दिक स्वागतको आभार जताउंदै भन्नु भयोकि यो मेरो सम्मान न भरेर मेरो देशको 125 करोड़ भारतीयहरूको सम्मान हो। यसको जवाबमा राष्ट्रपति ट्रंपले प्र.मं. मोदीलाई महान प्रधानमंत्री बताउंदै भन्नु भयोकि उनको यहाँ हुनु हाम्रो लागि गर्वको कुरा हो। प्रधानमंत्रीको सराहना गर्दै अमेरिकी राष्ट्रपतिले भन्नुभयोकि उहाँले आर्थिक मोर्चा माथि उल्लेखनीय उपलब्धिहरू हासिल गरेका छन्। यसको अलावा श्रीमोदीले अरू कयौं क्षेत्रमा कार्य गरेका छन्। प्रधानमंत्री नरेन्द्र मोदीज्यूले भन्नुभयोकि भारत अमेरिकाको मित्रताले हमेशा विश्वलाई लाभ मिलको छ। हामी दुवैको उद्देश्य विश्वलाई आंतकवाद, उग्र विचारधारा र गैरपारम्परिक सुरक्षा खतराहरू बाट बचाउनु हो। मोदीज्यूले भन्नुभयोकि जब पनि भारतले अमेरिका संग मिलेर कार्य गरयो त त्यसको बेहतरीन नतिजा हेर्न पाइएको छ। रोटा वायरस र डेंगूको वैक्सीन विकसित हुनले संपूर्ण दुनियालाई लाभ मिली रहेको छ। विश्वको अनिश्चित अर्थव्यवस्थाको माझमा दुवै देश बलियो संग उभिएका छन। मईले पछिल्लो वर्ष जूनमा जब अमेरिका आएको थिएं तब यूएस कांग्रेसको संयुक्त अधिवेशनमा मईले भनेको थिएं कि दुवै देश आफ्नो विगत देखि माथि उठेर एउटा नया ईबारत लेखने बाटोमा छौं।

## हाम्रो चिनेरी गोरखा, लिएर रहौंला गोरखालैंड

### गोरखाली सुधार सभाको बैनर मुनि प्रदेशका गोरखाहरू

### गोरखालैंड न बने सम्म चैनको सांस लिने छैनौ




गोरखालैंडको मांगलाई लिएर आइतवार परेड ग्राउडमा रैली निकालदै गरेका गोरखा समुदायका सदस्यहरू

**देहरादून 25 जून।** अलग गोरखालैंडको मांगलाई लिएर गोरखाली सुधार सभाको बैनर मुनि हजारौं प्रदेशका गोरखाहरूले रैली निकाले। ले.ज. (अ.प्रा.) शक्ति गुंरूगज्यूको नेतृत्वमा निस्किएको एस रैलीमा प्रतिभागीहरूले भनेकि गोरखालैंडको निर्माण न हुंदा सम्म हामीहरू चुप्प लागेर बस्ने छैनौं। आइतबार पूर्वान्ह 3 बजे प्रदेशका गोरखाहरू हजारौंको संख्यामा परेड ग्राउंडमा भेलाभए। बेनर र पट्टीकाहरू हाथमा लिएका युवा युवती बुजुर्ग अनि महिलाहरूको आवाजमा गोरखालैंडको नाँउको सिवाए केहि थिएन। परेड ग्राउंडको वरि-परि नारा लगाउंदै सांझ 5 बजे रैली गांधी पार्कको गेटमा रोकियो त्यस पछि रैली गांधी पार्क भित्र पसेर ठुलो सभामा अवतरित भयो। सभालाई ले.ज. (अ.प्रा) शक्ति गुंरूगज्यूले सम्बोधन गर्नु हुंदै भन्नु भयो कि हामी सबै प्रथम त भारतीय हौं। भारतको निर्माण र यसको एकतामा गोरखाली समाजको ठुलो योगदान छ अनि भारतीय गोरखा भनेर हाम्रो सबै भन्दा महत्वपूर्ण पहचान छ। हामीलाई आफ्नो गोरखालैंड चाहिन्छ। यो मांग सय वर्ष भन्दा पनि हाम्रो पुरानो मांग हो। यसको बावजूद पनि सत्ता प्रतिष्ठानको स्तर सम्म हाम्रो पहचान माथि प्रश्न खड़ा गरिंदै छ। सरकारी नौकरीहरू, जाति प्रमाण पत्र समेत प्रत्येक कार्यहरूको लागि हामीहरूलाई बाधाहरू झेल्नु पड़िरहन्छ। यसले गर्द समुदायमा कुन्ठा अनि निराशा बढ़ि रहेको छ। भारत सरकारका पूर्व मिलिट्री सक्रेटेरी ले.ज शक्ति गुंरूगज्यूले भन्नुभयो कि हामी गोरखाहरू राष्ट्रका अभिन्न अंग हौं हामीहरूले मात्रै अलग राज्यको मांग गरी रहेका छौं। पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले गोरखाली बालखहरू माथि बांगला भाषा पढ़ने दबाव हाली रहेकाछन। बंगालमा मानव अधिकारहरूको हनन गरिंदै छ। उत्तराखण्डमा 15 लाख भन्दा बढ़ि गोरखाहरू निवास गर्दछन हामीहरूले हर हालमा संघर्षलाई तेज गर्ने छौं। अब गोरखाली समाज खामोश भई बस्ने छैन गोरखालैंडको प्राप्ती सम्म संघर्षरत रहने छन। कयौं गोरखा संगठनहरूले अनि गणमान्य गोरखालीहरूले रैलीलाई सफल बनाउनमा सहयोग दिए। गोरखाली सुधार सभाका अध्यक्ष ले.क. भगवान सिंह क्षेत्रीज्यूले रैलीमा शामिल भएका समस्त गोरखा समुदायलाई धन्यवाद ज्ञापित गर्नु भयो।

## ममताको गोरखा विरोधी कार्यवाही को विरोध

**देहरादून 18 जून।** पश्चिम बंगालकी मुख्यमंत्री ममता बेनर्जीको 1. गोरखा लैंडको विरोध 2. पं.बं प्रदेशमा नेपाली भाषालाई समूल नष्ट गर्ने प्रयास 3. गोरखा समुदायको एकतालाई छिन्न-भिन्न पार्ने कु-प्रयासको विरोधमा उत्तराखण्डका गोरखाहरूले गांधी पार्क मुख्य गेटमा विहान 10 बजे राष्ट्रीय गोरखा मोर्चा पार्टीको आह्वानमा जम्मा भएर ममता विरोधी नाराहरू लगाउंदै विरोध गरे। बंगालमा गोरखाहरूको संवैधानिक मांगलाई न टेरे जस्तो गरी, शान्ति संग गरेको आंदोलन माथि पुलिस द्वारा अत्याचार गराई आंदोलनकारीहरू माथि गोली चलाईएको छ, जस्मा 6 जना आंदोलनकारीहरूको मृत्यु भएको विरोधमा दिउंसो 12:30 बजे सम्म गोरखाहरूले आवाज बुंलद गरेका थिए। यस अवसरमा राष्ट्रीय गोरखा मोर्चा पार्टीका अध्यक्ष कै. जे.बी. कार्की, गोरखा डेमोक्रेटिक फ्रन्टकी अध्यक्षा उमा उपाध्याय, भाजपाका कै. सी.बी. थापा, अखिल भारतीय नेपाली भाषा समितिका अध्यक्ष बी.के. बराल, उत्तराखण्ड गोरखा संगठनका अध्यक्ष ले.ज. शक्ति गुरूंग, ब्रिगे. पी.एस.गुरूंग, ब्रिगे. सी.बी. थापा, कर्नल डी.एस. खड़का, कै. डी.एस.थापा, कै. के.के. राई, पुजा सुब्बा, मंजु कार्की एवं गोरखा युवा युवतीहरू उपस्थित थिए।

# हाम्रोएकता

शुक्रवार 30 जून 2017 : ज्येष्ठ, शुक्लपक्ष-षष्ठी वि.सं. 2074

## सम्पादकीय

## म यता जाउं कि उता जाउं

यता हो कि उता हो को स्थिति, बड़ा जटिल स्थिति हुन्छ। मान्छेले सोच्नै सकदैन, के गर्ने हो, कसो गर्ने हो ? अत: मान्छे यता कि उता दगुरी रहन्छ। दगुरेर पनि उस्ले यता पनि भ्याउंदैन, उत्ता पनि भ्याउंदैन। न भ्याएर कार्य हुंदैन, अरू त अरू दगुरेको, मेहनत गरेको पनि व्यर्थ हुन जान्छ। आजको स्थितिमा हाम्रो समाजको हाल पनि यस्तै छ। हामीले ठेगाउन सकेको छैनौं कि हाम्रो दिशा कता हो। सवा करोड़ मान्छेको मांझमा गोरखालीहरू एकार्का संग ठोकिएर दगुरी रहेका छन। नेता विहीन, नेतृत्व विहीन कोही यता थुप्रि रहेका छन, केही उता थुप्रि रहेका छन। देशमा जता-ततै पोका परेर बसी रहेका छन। संवाद विहीनताको स्थिति, संप्रेषण विहीन लाटो कोसेरोको स्थित छ।

विगत सयौं वर्ष देखि नाउं लिएर पौरख दिएर बांची रहेका हामी गोरखालीहरूलाई राजनैतिक पार्टी हरूले आफ्नो तरीकाले रिझाई राखेका छन। देशमा बहुमत राख्ने पार्टीहरूले केही दीन त परै जाओस् दिन्छु पनि न भनिकन हाम्रो वोट सजिलै खलतीमा हालदै गरेका छन। हाम्रो संतोकी बहुराले पनि नोक्सान पुर्‍याएको छ हामीलाई त के हामी असंतोकी हुन संकौला ? डांगरे जस्तो पनि हुनु पर्ने रहे छ लोकतंत्रमा मान्छेलाई, यो आज सम्मको व्यवहारले बताउंछ।

हजारौं-हजार नेताहरूले चुनावमा हिस्सा लिन्छन, जीतछन कुर्सी पाएर मक्क परी बस्छन्, हाम्रो गोरखाली समाजले मनले खुशीको जश्नपनि मनाउनु सकेको छैनौं। अर्काले देख्छ कि भन्ने डरले हामीलाई कहिलै छोड़दैन।

हाम्रो दुर्भाग्य, समाजले आज सम्म आंटन सकेको छैन। कुनै राष्ट्रीय अथवा क्षेत्रीय पार्टीले ढुक्कै भन्न सकदैन कि-भाषाई-अल्पसंख्यक गोरखालीहरूले हामीलाई वोट दिए भनेर, फेरि हाम्रो जातिको निम्ति केही गरीदिने सवाल कता आउंछ।

सबैको आफ्नो मत छ। रिस्पना पारीको विचार अर्कै, झाझरा पुल पारीको विचार अर्कै, मांझमा भएका गोरखालीहरू उत्तर र दक्खिको खेमाहरूमा विभक्त छन। समाजका बुद्धिजीवीहरू आखिर सम्म पक्क परी रहन्छन। राजनैतिक पार्टीहरूलाई आस रहन्छ कि गोरखालीहरू एउटा मंचमा जमा भै केहि फैसला लिन्छन कि भनि तर केहि पनि हुंदैन, यस लागि गोरखाली समुदायको प्रयोग ठीक जग्गामा भएकै छैन। राजनीति समाजमा हावी छ। आज समाज सामाजिक तरीकाले होइन, राजनैतिक तरीकाले चलछ। जरूरी छ राजनैतिक दृष्टिकोणको। कतै यस्तो त भै रहेका छैन कि 80 प्रतिशत गोरखाली समाजमा पूर्व सैनिकहरू छन। सेनामा कठोर अनुशासनमा रही बाहिर सिविलको अनुभव धेरै न भएको कारण ढुक्कै स्वतंत्रताले राजनीति खेलनु गारो प परि रहेको छ कि ?

धान्न पनि राजनैतिक र सामजिक संस्थाहरूलाई कमोबेश पूर्व सैनिकहरूले नै धानेका छन। अत: माथि भने जस्तो समस्या छ भने यो समाजको निम्ति घातक छ। शंकालु मनले उद्देश्य तर्फ लिएर जांदैन।

अर्को तिर असैनिक नेताहरूको नजर पूर्व सैनिक तिर राम्रो छैन। भनाई छ कि जीवन सेनामा लगाएर अब राजनीति र समाज सेवा गर्नु मुश्किल काम छ। उता असैनिक नेताहरू पनि नेतृत्व दीन असमर्थ भएका छन। उहांहरूको कार्य कुरा छांटने सम्म रहेको छ। अब यस स्थितिमा बीचका नेताहरूको आवश्यकता समाजलाई परेको छ। जस्ले सैनिक वा असैनिकको मांझको खालटोलाई पुर्ने अनि 36 भै सकेको समाजलाई 63को स्थितिका ल्याउन सकोस।

यस्तो हुन सकेन भने गोरखाली समाज भविष्यमा पनि दगुरी राख्ने छ एकार्का संग ठोक्की-ठोक्की, मित्रसेन ज्यूले भनेर पनि गएका छन-

" गोरखाली जाति कहिले बुद्धिको खान होला"।

---

**"राष्ट्रीय गोरखा मोर्चा पार्टीका अध्यक्ष कै. जे.बी कार्कीज्यूले मा. प्रधानमंत्री नरेन्द्र मोदीज्यू, मा. रक्षा मंत्री अरूण जेटलीज्यू, अनि मा. गृहमंत्री राजनाथज्यूलाई लेख्नु भएको गोरखा लैंड सम्बन्धित ज्ञापन हाम्रो एकताका पाठकहरूको जानकारीका लागि प्रकाशित गरी रहेका छौं। कै. कार्कीज्यूले 22/6/2017को दिन यी तिनौटै नेताहरू संग फोनमा वार्ता पनि गरि सक्नु भएको छ"।- सम्पादक**

## अखिल भारतीय राष्ट्रीय गोर्खा मोर्चा पार्टी

केन्द्रीय कार्यालय : आर सी-39, बी-एवेन्यू, सरोजनी नगर (निकट-पुलिस स्टेशन) नई दिल्ली-1100011
स्थानीय कार्यालय : 69, कौलागढ़, केनाल रोड़, देहरादून, दूरभाष : 0135-2751565,
मोबाईल: 09990200511, 9897330001

कै0 (श्री) जे.बी. कार्की (अ.प्रा.)
राष्ट्रीय अध्यक्ष
एवं
पूर्व उपाध्यक्ष -ओ.बी.सी. आयोग

SPEED POST
URGENT

श्री उत्तम क्षेत्री
कार्यकारी राष्ट्रीय
अध्यक्ष

पत्रांक D/5/RGMP/8/2017

दिनांक: 21. 06. 2017

### ज्ञापन

सेवा में,

श्री नरेन्द्र मोदी
माननीय प्रधानमंत्री
भारत सरकार
नई दिल्ली।

विषय: शान्तिपूर्ण तरीके से दार्जिलिंग के गोरखा समाज भाषा-आधारित गोरखा लैण्ड (प्रदेश) का मांग जन-आन्दोलन के बतौर कर रहे को पश्चिम बंगाल सरकार ने हिंसक रूप देकर पुलिसीया गुण्डागर्दी कराते हुए हमारे बहु-बेटीयों का चीरहरण, लूट्मार, राजनीतिक, हत्या खुलेआम करा रहे है, इस पर तत्काल अंकुश लगाने के सम्बन्ध में।

महोदय,

विगत् एक सप्ताह से बंगाल सरकार की मुखिया ममता बनर्जी गोरखा जाति पर बंगाली भाषा जबरदस्ती थोपने का कुप्रयास कर रही है ताकि गोरखा जाति का भाषा और संस्कृति को सदा के लिए कुचल कर धाराशाही कर सके, जिससे यह जाति पृथक प्रदेश की मांग ही ना कर सके। जबकि अगस्त 1992 में भारत सरकार ने 8वां अनुछेद में सहर्ष शामिल कर नेपाली/गोरखा भाषा को मान्यता दिया है। जिसे आज बंगाल सरकार सरेआम अवहेलना करते हुए बंगाली भाषा को बल-जबरदस्त लागू करने की कुचेष्टा कर रही है। यदि ऐसा है तो ममता सरकार को लोकतंत्र की हत्या और संवैधानिक मान्यता से छेड़छाड़ करने पर बर्खास्त करते हुए राष्ट्रपति शासन तत्काल लगाया जाये।

यदि ऐसा नही हुआ तो समस्त भारतवर्ष में गोरखा जन अन्दोलन पर उतर आयेगा और स्वंय ममता बनर्जी से इसका जवाब लेगा।

और केन्द्र सरकार में भा.जा.पा के आने के बाद उत्तराखण्ड, छत्तीसगढ़, मध्यप्रदेश, झारखण्ड और तेलगु देशम राज्य का निर्माण कर इन राज्यों के जनता का स्वप्न साकार कर दिया गया तो इस देश की अखण्डता को अक्षुंण रखने के लिए हजारों गोरखा वीरों ने हंसते हुए और शत्रु पर कहर बरपाते हुए अपनी प्राणों की आहूति दी है, तो व्यवस्था को सही करने के लिए गोरखा लैण्ड का भी शीघ्र निर्माण क्यों नहीं किया जा रहा है।

• मेरा आपसे विनम्र निवेदन है कि बंगाल इन्फेन्ट्री रेजीमेन्ट शत्रु से लोहा लेने के लिए स्थापित किया जाये। देखने में आया है कि बंगाली लड़ाके है तो इन्हें भी देश के सीमाओं में सैनिक या अर्द्धसैनिक के रूप में तैनात करना ही चाहिए।

आप गोरखा, सिक्ख, राजपूत, गढ़वाल, कुमाऊँ, मराठा, डोगरा, पंजाब, जाट, मद्रास के बराबर के रेजीमेन्ट बंगालियों का भी खड़ा करें। इन्हे भी तो राष्ट्र की सुरक्षा में भागीदारी निभानी चाहिए।

मैं एक बात संवेदनशीलता का भी कहना चाहूंगा कि जब हम भारतवासियों ने अंग्रेजों से आजादी के लिए मांग किया तो उन्होनें जिस प्रकिया को इस्तेमाल किया, ठीक उसी प्रकार आज लोकतात्रिक राष्ट्र में केन्द्र और राज्य सरकारे करती आ रही है, तो गोरा शासकों और हमारे आजाद देश के शासकों में क्या अन्तर रह जाता है। क्या संविधान निर्माण में कही न कही अंग्रेज शासन का नकल तो नही है? आज हमें देश के संविधान के ऊपर से विश्वास कम होता नजर आ रहा है, क्योंकि इस प्रकार का संविधान लोकतंत्र के लिए अत्यन्त घातक है। इसका सुधार होना अति आवश्यक है।

अन्तत: आपसे पुन: निवेदन है कि दार्जिलिंग में चलाये जा रहे गोरखा लैण्ड मांग को न्याय संगत चश्मे से देखने की जरूरत है। हालात बद से बदतर हो इससे पूर्व बगांल सरकार पर संवैधानिक प्रकिया के अर्न्तगत कार्यवाही हो क्योंकि ये सरकार लोकतंत्र की हत्या कर रही है। और ये गोरखा के सहनशीलता का परीक्षा ना लें। गोरखा के मांग को पूरा करने में अधिक समय ना लें। इसे राष्ट्रहित के नजर से देखे और इस मांग को देने में कोताही ना बरते नागालैण्ड तो एक सीमित क्षेत्र में था, परन्तु गोरखा तो सम्पूर्ण भारत में है और साथ में समस्त संसार में वीर लड़ाकू के नाम से जाना जाता है और हिन्दू में सर्वोच्च हिन्दू है। इन्हें केवल प्रदेश तो चाहिए देने में क्यो कठिनाई है। कहीं आने वाले समय में एक और पाकिस्तान भारत में तैयार है। यह संख्या बल पर ध्यान देने कि जरूरत है।

धन्यवाद!

(कैप्टन जे.बी. कार्की)
राष्ट्रीय अध्यक्ष अ.भा.रा.गो.मो.पार्टी

प्रतिलिपि:

1. गृह मंत्री
   भारत सरकार, नई दिल्ली।
2. रक्षा मंत्री
   भारत सरकार, नई दिल्ली।




# डा. रमेश पोखरियाल निशंकज्यू सम्मानित भए

हाए कार्यालय




**राज्य ब्यूरो देहरादून।** पूर्व मुख्यमंत्री र लोक सभा सरकारी अश्वासन समितिका अध्यक्ष डॉ. रमेश पोखरियाल निशंकज्यूलाई साहित्य, पर्यावरण अनि हिमालयी सरोकारहरूमा उहाँको योगदानको लागि **"इंडो-थाई चैम्बर ऑफ कॉमर्स"** सम्मान प्रदान गरियो। थाइलैंडकी राजकुमारी राजादरशी जयंकुराले निशंकज्यूलाई उनको थाइलैंड यात्राको दौरान सम्मान प्रदान गर्नु भयो। कार्यक्रमा डॉ. निशंकज्यूको पुस्तक **"सपने जो सोने न दे"** को अंग्रेजी अनुवादको लोकार्पण पनि सम्पन्न भयो। यस अवसरमा थाइलैंड भाजपा अध्यक्ष करण सिंह, उपाध्यक्ष डॉ. कमल जीत सिंह लगायत उद्योग जगतका गणमान्य व्यक्तिहरूले प्रतिभाग गरेका थिए। यस अवसरमा स्पर्श गंगा अभियानको लागि थाई राजकुमार जयंकुरा लाई ब्राण्ड एम्बेसेडर नामित गरियो। डॉ. निशंकज्यूले आफ्नो सम्बोधनमा भन्नु भयोकि मानवता तबै सम्म बांची रहनु सक्दछ जब सम्म प्राकृतिक संसाधनहरूको संरक्षण र संवर्धनमा पुरा ध्यान दिइयोस।

# अमेरिकी संसदमा पाकको दर्जा समाप्त गर्ने बिल

हाए कार्यालय

**वाशिंगटन प्रेट 23 जून।** अमेरिकी सांसदको प्रतिनिधि सभामा दुवैटा सांसदहरूले पाकिस्तानको गैर नाटो तर प्रमुख सहयोगी (एम.एन.एन.ए)को दर्जा समाप्त गर्ने बिल पेश गरेका छन। दुवै सांसदको भनाई छ कि पाकिस्तानले आंतकवादको खिलाफ लड़ाईमा प्रभावी भूमिका निभाउन सकेन, यसलागि उसको प्रमुख सहयोगीको भूमिका खत्म गरियोस। यस दर्जाको सांटो पाकिस्तानलाई अमेरिकाको तर्फ बाट सैन्य र आर्थिक सहायता पाउंछ। यो विधेयक रिपब्लिकन पार्टीका टेड पो र डेमोक्रेटिक पार्टीका रिक नोलनले पेश गरे। सांसद टेड पो ले भने कि पाकिस्तानलाई यो दर्जा 2004मा तत्कालीन राष्ट्रपति जार्ज बुशले अलकायदा अनि तालिबान संग लड़ानुको निम्ति विशेष सुविधा दिने निर्णय लिएका हुन। यस सुविधाको बदलामा पाकिस्तानलाई अमेरिकाको प्रति जवाब देह रहनु थियो। तर पाकिस्तानले लादेनलाई शरण दिनु र तालिबनलाई सुविधा दी रहयो। पाकिस्तान सही बाटो हिड़न तैयार छैन। यस्तोमा पाकिस्तानलाई अमेरिकी सुविधाहरू जारी राख्नु उचित छैन।

# हरिद्वारकी मॉडलको मृत्यु

हाए कार्यालय

**हरिद्वार 13 जून।** सम्प्रति कनखल थाना क्षेत्र निवासी कृतिकाको शव मुंबई स्थित उसको फ्लेटमा फेला परेको छ। कृतिकालाई मॉडलिंग र अभिनयको शौक थियो। 2009मा मुंबई गएर उसले स्नातकको पढ़ाई पुरा गरे पछि मॉडलीको दुनियामा कदम राखेकी हो। यस दौरान कृतिकाले **"सीआईडी"** र सावधान इंडिया जस्ता सीरियलमा पनि काम गरेकी हो। 2013मा **"रज्जो"** फिल्म बाट फिल्मी दुनियामा कदम राखेकि कृतिका निकै हांसिलो नेचरकी महिला थिइन।

# गोरखालैण्डका लागि १० दल एकै ठाउँ

**हाए कार्यालय**

**17 जून ।** आन्दोलन पेचिलो बन्दै गएपछि दार्जिलिङका १० वटा राजनीतिक शक्तिहरु गोर्खाल्याण्ड का लागि एकै ठाउँमा उभिएका छन् । दार्जिलिङका दलहरुलाई 'जुट्न नजान्ने' भन्ने आरोप पनि लाग्ने गरेको छ । अलग राज्य गोर्खाल्याण्ड प्राप्तिको आन्दोलनमा भने सवै राजनीतिक शक्तिहरु एक ढिक्का भएर उभिएका हुन् ।'सबै दलहरु एकजुट हुनुको विकल्प नै छैन', भारतीय गोर्खा परिसंघका पूर्व अध्यक्ष सीके श्रेष्ठले भने,'साझा मुद्दामा सवै जुट्दा नै फाइदा छ ।' उनले विगतमा पनि दलहरुवीच मतक्यैता नभएकै कारण गोर्खाल्याण्ड आन्दोलन गन्तव्यमा पुग्न नसकेको बताए । गोर्खा जनमुक्ति मोर्चाको आव्हानमा दार्जिलिङको जिमखाना हॉलमा मंगलवार भएको सर्वदलीय बैठकमा सहभागी दलहरुले मोर्चालाई गोर्खाल्याण्ड टेरीटोरियल एड्मिनिष्ट्रेसन जीटीए वोर्ड तत्काल त्यागेर गोर्खाल्याण्ड आन्दोलनमा मात्रै केन्द्रित हुन आव्हान गरेको छ । मोर्चाले सन् २०११ जुलाई १८ मा जीटीए गठनमा सम्झौता गरेको थियो । 'जीटीए न त्यागेसम्म आन्दोलन प्रभावकारी ढंगले अघि वढ्न सक्दैन', बैठकमा सहभागी भारतीय गोर्खा परिसंघका नेता मुनिष तामाङले भने,'अव जीटीए त्यागेर गोर्खाल्याण्ड चर्काउनु पर्छ, यो अंतिम मौका पनि हुन सक्छ ।'बैठकले अनिश्चितकालिन हड्ताललाई निरन्तरता दिने निर्णय गरेको छ । राज्य सरकारले दार्जिलिङमा परिचालित सेना, केन्द्रीय रिजर्भ पुलिस फोर्स र अन्य सुरक्षाकर्मी फिर्ता नवोलाएसम्म वन्द जारी राख्ने निर्णय गरेको हो । करीब पाँच घण्टा लामो बैठकमा दलहरुले गोरखालैण्ड आन्दोलनलाई सशक्त ढंगले अघि वढाउने उद्देश्यका साथ तिलकचन्द्र रोकाको संयोजकत्वमा 'संयुक्त संघर्ष समिति' गठन गरेको छ । समितिले गोर्खाल्याण्ड मुद्दालाई केन्द्रको ध्यानाकर्षण गर्ने गरी भारतका विभिन्न राज्यमा रहेका गोर्खा नेताहरुसंग छलफल गर्ने छ। विहीवार मुख्यमन्त्री ममता बेनर्जीले सिलिगुडीमा आह्वान गरेको 'ऑल पार्टी मिटिङमा दार्जिलिङका कुनै पनि राजनीतिक शक्तिले सहभागिता नजनाउने निर्णय भएको बैठकमा सहभागी बौद्धिक क्षेत्रका अगुवा पी अर्जुनले जनाए । उनका अनुसार आउदो शनिवार वस्ने तेस्रो सर्वदलीय बैठकले आगामी कार्यक्रमवारे ठोस निर्णय गर्ने छ ।वैठकमा भारतीय गोर्खा परिसंघ भागोप सहित १० दल सहभागी वनेका छन् । गोर्खा जनमुक्ति मोर्चा, अखिल भारतीय गोर्खा लिग, हिल कांग्रेस, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा, गोर्खा राष्ट्रिय निर्माण मोर्चा, भाजपा हिल, दार्जिलिङ डुवर्स युनाइटेड डेब्लपमेन्ट फाउन्डेसन, जनआन्दोलन पार्टी, क्रान्तिकारी मार्क्सवादी कम्युनिष्ट पार्टी क्रामाकपा सहभागी थिए । नेताहरु छलफलमा वसिरहँदाका वेला हॉल वाहिर गोर्खाल्याण्ड समर्थकहरुले अव जीटीए होइन गोर्खाल्याण्ड चाहिन्छ भन्दै नारावाजी गरेका थिए । दार्जिलिङका १० राजनीतिक पार्टी वीच मंगलवार गोर्खाल्याण्डका विषयमा छलफल गरियो ।

# एक समय गोरखा स्कूल बन्द गराउने षडयंत्र भएको थियो

**उदय ठाकुर**

राजनैतिक जागरणका अग्रणी व्यक्तित्व देहरादून निवासी ठाकुर चन्दन सिंह र गोरखा लीगका गतिविधिहरू बारे गोरखा समाजलाई राम्रोगरि थाह छ। ठाकुर चन्दन सिंह देहरादूनमा राजनैतिक रूपमा सक्रिय रहेका समय नेपालमा राणाहरूको शासन थियो। चन्द्र शमशेरका नायक्त्वमा राणा शासन चलिरहेको थियो। राजा त्रिभुवन आफ्नो अस्तित्व त्यो लाल मोहर राणाहरूको कब्जामा थियो। राणाहरूले आफ्नो शासनधिकारीलाई सुरक्षित राख्न भारतका अङ्ग्रेज शासकहरू संग राम्रो सम्बन्ध कायम गर्दै आएका थिए। चन्द्र शमशेर कठोर प्रवृतिका मान्छे थिए उनले देवशमशेर जस्तो उदार प्रवृतिका शासकबाट षडयंत्र रचेर गद्दी पाएका थिए। देव शमशेर जसो-तसो भागेर देहरादून आएका थिए अनि मसूरीमा कोठी बनाएर बस्नुलाई बाध्य पनि भएका थिए। देवशमशैर नेपालमा शिक्षाको विस्तार गर्नु चाहन्थे जो कृत्य अन्य राणाहरूलाई मनपराउने कुरा थिएन जसले गर्दा उनको शासन खोसियो। चन्द्र शमशेरले गर्दा नेपालीहरूलाई चाहिं योग्यता पुगे पनि सूबेदार भन्दा माथिल्लो दर्जामा पदोन्नतिको अवसर न दिने नीति रहेको थियो। यसै पृष्ठभूमिमा देहरादूनमा बसोबास गर्ने नेपालीको सरल्लाह र सक्रियातामा वर्ष 1912मा गोरर्खा लीग नामको एउटा राजनैतिक र सक्रियतामा दलको स्थापना गरियो। जस्का अध्यक्ष कुन्दन सिंह ठाकुर अनि उपाध्यक्ष चन्दन सिंह ठाकुर मनोनित भएको थिए। अन्य सहयोगीहरूमा रतन सिंह रवत्री, रिसालदार, राम सिंह, शेर सिंह ठाकुर, मदन सिंह, भरत सिंह भंडारी, जीवन सिंह खत्री, नन्दराम थापा मगर, बलराम शर्मा, अनन्तराम शर्मा, शेर सिंह थापा मगर, मोती राम पाण्डे, बल बहादुर बिष्ट, मानसिंह अधिकारी, भग्गु सिंह, होशियार सिंह राना मगर, कमान सिंह थापा मगर, डॉ. खड्क बहादुर कार्की उल्लेखनीय छन्

गोरखा लीगमा अङ्ग्रेज कालीन भारतीय गोरखा फौजका सेवानिवृत फौजीहरूको सक्रियतामा स्थापना भएको थियो। गोरखा लीगको उद्देश्य जनसेवा कार्य गर्नु थियो।

यसमा गोखाली फौजीहरू माथि हुने बुरो व्यवहार बारे पनि विचार-विमर्श हुन्थ्यो जस्मा नेपालको शासकहरूले अत्याचार गरेको कुरहरू पनि उठिन्थ्यो। तर यता राणा शासकहरूलाई चाहिं गोरखा लीगका यस्ता जातिसुधारक कार्य मन पर्ने थिएन।ठाकुर चन्दन सिंह प्रतिभाका धनी मानिस थिए। उनले यसै समय The Northern Star नामले एक अङ्ग्रेजी भाषामा त्रैमासिक पत्रिका निकाल्नु थाले जस्ले देहरादूनको साथै अन्य प्रान्तमा बसोबास गर्ने नेपालीहरूलाई पनि आफ्नो समाजप्रति सोच्नुलाई विवश हुनु परयो। पत्रिका लोकप्रिय हुनु गयो। नेपालीहरूमा चेतनाको अभिवृद्धि हुनुगयो। पछि ठाकुर चन्दन सिंहले Himalaya Times पत्रिका प्रकाशित गर्नु थाले। उनि इग्लैंड बार प्रकाशित पत्रिका Sunday Telegram र अन्य पत्र-पत्रिका हरूमा अंग्रेजी भाषामा लेख पठाउंथे जस्मा राणा शासको ठूलो अलोचना हुन्थ्यो। नेपाली प्रधानमंत्री चन्द्र शमशेरले, ठाकुर चन्दन सिंहलाई समाति नेपाल पठाउने प्रयास पनि गरेका थिए। तर चन्दन सिंहले अंग्रेज फौजमा कार्यरत निकटताले गर्दा चन्द्र शमशेरको सबै कुप्रयास विफल हुनुगयो। यता चन्दन सिंहले आफ्नो लेखहरू द्वाराघोर विरोध र भर्त्सना गर्नु छोड़ेका थिएनन। यसै बीच वर्ष 1926मा ठाकुर चन्दन सिंहले एक नेपाली पत्रिका "गोरखा संसार" को प्रकाशन प्रारम्भ गरि दिए। यसमा पनि राणा शासन विरोधी लेखहरू लेखिन्थ्यो पत्रिका निकै लोकप्रिय हुनुले राणा शासकहरू डराए।

यसै बीच देहरादून चाय बगानका जनरल मैनेजर रतन सिंहले देहरादूनमा बसोबास गर्ने गोरखाली फौजीहरूको छोराहरूलाई शिक्षित गर्ने प्रयासमा गोरखा मिलिट्री स्कूल खोली ठूलो काम गर्नु भयो जस्मा धेरै संख्यामा गोरखाली केटाहरू पढ्नु आउनु थाले तेस बेला नालापानी अनि अन्य टाढ़ा-टाढ़ा स्थानबाट गोखाली केटाहरू शिक्षा प्राप्त गर्नु आउंथे। गोरखा मिलिट्री नामको यस स्कूलको स्थापना उनि फौजीहरूको पनि आवाज थियो जो उनिहरूले आफ्नो दरबारमा उठाउंथे। अंग्रेज सरकारलाई पनि आफ्नो काम-काजको लागि शिक्षित केटाहरूको खांचो थियो। यसले गर्दा उनिहरूले स्कूलका पहला प्रिन्सिपल दीन दयाल सिंह रावत थिए। यसप्रकार देहरादूनका फौजीका छोराको शैक्षिक गतिविधिमा संलग्न भएको खबर नेपाल पुग्यो। यहाँ शिक्षा प्राप्त गर्ने केटाहरू नेपालबाट फौजी भएका मानिसहरूका छोराहरू हुनुले चन्द्र शमशेरलाई आफ्नो भविष्य धूमिल लाग्यो। उनिहरूको चित्त न बुझ्नु स्वाभाविकै थियो। राणा शासकले नयाँ खुलेको गोरखा मिलिट्री स्कूललाई बंद गराउन अंग्रेज सरकारलाई पत्र लेखे तर अंग्रेजहरूले रूचि दिखाएनन् यसले गर्दा गोरखा लीग अनि रतनसिंह क्षेत्रीको सक्रियतामा खुलेको गोर्खा स्कूल बंद हुनबाट जोगियो।

# बिन लादेन कसरी मारिएका थिए ? पत्नीको बयान

**हाए कार्यालय**

अमेरिकी सेनाको टोलीले आतंकवादी संगठन अल कायदाका नायक बिन लादेनको हत्या गरेको थियो । उनलाई कसरी मारिएको थियो भन्नेबारे अमेरिकी सरकार र सेनाले विभिन्न पुष्टिहरु प्रदान गरेको थियो। पाकिस्तानको एक घरमा लुकेर बसेका लादेनलाई सेनाले गोली प्रहार गरी मारेको थियो । उनकी कान्छी पत्नी अमलले एक पुस्तकको लागि पहिलो पटक घटनाबारे बयान दिएकी छन् । हत्या हुने बेला अमल लादेनसँगै थिइन्। क्याथी स्कट क्लार्क र एड्रियन लेभीले लेखेको पुस्तक दी एक्साइल दी फ्लाइट ऑफ ओसामा बिन लादेनको लागि अमनले अन्तर्वार्ता दिएर हत्या भएको बखतको घटनाक्रम बर्णन गरेकी छन् । लादेनलाई अमेरिकामा सन् २००१ मा भएको सेप्टेम्बर ११ घटनाको मुख्य आरोपी बनाइएको थियो । बेलायती पत्रिका दी सन्डे टाईम्समा प्रकाशित पुस्तक अंशमा अमलको बर्णन प्रकाशित छ। अंश प्रकाशित विवरण अनुसार बिन लादेन पाकिस्तानको अबोटटबादमा रहेको एक घरमा ६ वर्षदेखि लुकेर बसिरहेका थिए। हेलिकप्टरमार्फत अमेरिकी सैनिक घर नजिकै आएपछि लादेनले पत्नीलाई छोराछोरी लिएर अर्को तलामा जान भनेका थिए । पत्नीसँग लादेनले भनेका थिए उनीहरुलाई म चाहिएको हो, तिमीहरु होइन । लादेनका चारमध्ये तीन पत्नी उक्त दिन सोही घरमा थिए । अमेरिकी सेना घर नजिकै आउन थालेपछि सबै परिवार सदस्य एक कोठामा जम्मा भएर पार्थना गरेको अमलले बताएकी छन्। कान्छी पत्नी अमलले छोरा हुसेनका साथ लादेनसँगै बस्ने जिद्दी गरेकी थिइन् । ओसामाका एक छोरा खालिदको हत्या गरी अमेरिकी सैनिक घरतर्फ भित्र छिरेको थियो। अमेरिकी सेना कोठामा पस्नेवित्तिकै अमलले सैनिकलाई रोक्ने प्रयास गरेकी थिइन् तर खुट्टामा गोली लागेपछि उनी बेहोस् भएर ढलिन। उनी होसमा आउँदा बिन लादेन मरिसकेका थिए र डरले कांपीरहेका छोरा हुसेन लादेन को शवलाई समाएर बसेका थिए। लादेन मारिने बेला उनको भित्रीवस्त्रमा केही यूरो र केही नम्बरहरु भेटिएको थियो ।

# शोक संदेश

जम्मू कश्मीरको कुपवाड जिल्लाको नौगाम सेक्टरको आंतकवादी मुठभेड़मा शहीद भएका दून का सपुत बंजारवाला निवासी नायक जीत बहादुर सिंह थापालाई हाम्रो एकता परिवारको तर्फ बाट श्रद्धांजलि अनि यस दुखको बेलामा उनको परिवार आमा श्रीमति सावित्री देवी पत्नी श्रीमती रानी थापा, छोरी कुमारी मानवी र छोरा रौनक लाई प्रभुले यो दुखको घड़ीमा दुख सहने शक्ति प्रदान गरून।

-हाम्रो एकता परिवार

# पर्वतीय क्षेत्रहरूमा चकबन्दीमा विलम्ब केन?

विगत वर्षहरू बाट यो कुरा हरू सुन्नमा आई रहन्छकी उत्तराखाण्डका पहाड़ीहरूमा चकबन्दी गरिन्छ भनि तर के यस विषयमाा कुनै ठोस कार्यवाही आहिले सम्म भएको छ? यदि पेपर वर्क सम्म यस कार्यको प्रगति हेर्ने हो भने यस योजनाका कर्णधारहरूले हामीलाई विस्तारै बताई दिने छन कि हाम्रो एउटा टीम हिमाचल प्रदेशमा गएको छ र अब हामीले एउटा आर्को दल यूरोपीय देशहरूको फल-फूल आदिको प्रशिक्षणको निम्ति पढाउंदै छौं। त्यस पछि उहांहरूको अनुभव लिएर अनि राम्रो चकबंदी गरेर साग-सब्जी फल-फूल जड़ी-बूटीहरूको भविष्यमा राम्रो उत्पादन गर्न सक्नै छौं। पूर्वमा उत्तराखण्ड सरकारले एउटा परिषदको गठन गरेको थियो जस्लाई भूमि सुधार परिषदको नाउं दिएको थियो। जस्ले एउटा दर्जा धारी मंत्री महोदयको देख-रेखमा कार्य गरि रहेको थियो। पूर्वका निर्वाचित दुवै सरकारले एउटा प्रश्न छाडेर मात्र गए त्यो के भने के यस दिन सम्म कुनै कार्यावाही भयो? तर जमीन माथि त केहि पनि देखिंदैन। केवल अखबारहरूको माध्यमले केहि थाह लाग्छ कि पहाड़मा चकबंदी छिटै लागू हुन्छ गरे। अनि कहां गरिंदैछ कसोगरि गरिंदैछ, कोस्ले गर्दैछ के एसको लागि कर्मचारीहरूको प्रशिक्षण आरम्भ भएको छ? के यसको लागि कुनै नियम कानून बनाइएको छ। यी कुराहरूको कुनै अत्तो पत्तो लाग्दैन या यसो भनौंकि जन सामान्यको ज्ञानमा यी कुरौहरू ल्याइएन जो ल्याउन जरूरी थियो। आफुले एउटा योजना पहाड़मा लागू गर्न गई रहेका छौ, तर पहाड़का जन सामान्यलाई योजनाको कुनै आधारभूत जानकारी नै छैन, मात्रै समाचार पत्रहरूको माध्यमले यदा-कदा यो प्रकाशित गरि दिनु कि पहाड़मा छिटै चकबंदी लागू गरिन्छ भन्नु परियाप्त छैन। प्रत्येक कार्य एवं प्रगति संग जन अवगत हुनु पर्छ कम से कम कृषकहरूलाई त जान्नु नै पर्छ जुन कृषकहरूले चकबंदी कार्यलाई पर्खि राखेका छन। अब अगर यस पहलु माथि विचार गरौं कि पहाड़मा आज सम्म सरकारले चकबंदी लागू गर्न केन सकेको छैन त यसको जिम्मेदारी त्यस विभाग माथि आउंछ जस्लाई यो चकबंदीको कार्य सौपिएको थियो। तत्कालीन मुख्यमंत्री माननीय नारायण दत्त तिवारीज्यू त यसको पक्षमा थिए। तर ती मान्छेहरू जस्ले कार्यको निस्पादन गर्न थियो, उनीहरूले के गर्दै थिए। उनको कार्य शैली के थियो। कुरा यदि वर्तमान सरकार को गर्ने हो भने लाग्छ उही ढाकको तीनै पात। के हामीलाई यस्तो लाग्दै छ कि चकबन्दी पनि हुन सकिएला। जब कि पूर्वका कांग्रेस र भाजपा सरकारले यो गर्न सकिन भने कोस्लाई दोष दिने। प्रदेशमा प्रत्येक किसान आफ्नो भविष्यको लागि चिंतित छ। अनि भरखैर सत्तामा आएको सरकार माथि भर गरिएको छ कि चकबदीको लागि पहल गर्ने छ तर यी कुराहरू सबै भविष्यको गर्तमा छ।

भन्नेहरूले यहां सम्म भन्छन कि पछिका सरकारहरूको द्वारा चकबंदी गराउने कति फेरा प्रयास भयो तर प्रशासनको तर्फ बाट यस कार्यमा अपेक्षित सहयोग मिलेन। परीक्षणको लागि 1973-74मा देहरादून तहसीलको सालन गांउमा, जो मसूरी मार्ग कोटाल गेट देखि करीब 3 कि. मी टाडा छ सफलता पूर्वक चकबंदी गरेको छ। उ.प्र.मा लागू अधिनियम र नियमको अनुसारै भएको रहेछ। समाजमा यदि चकबंदीको लागि अधिनियम र नियम बनाउनु पर्छ भन्ने कुरा गरिन्छ भने त्यो कार्यक्रमालाई लम्बिंत गराउनलाई मात्रैयो हो भन्न सकिन्छ। यति अवश्य गर्नु पर्ने छ कि उ.प्र. जोत चकबंदी अधिनियम व नियमावलीमा मामूली व्यवस्था गर्न पर्ने छ। जो कि विधि विशेषयज्ञहरूको लागि मुश्किल छैन। चकबंदी प्रारम्भ गर्नु होस त्यस्मा आउने कठिनाईहरूलाई समय अनुसार परिवर्तन त गर्नु नै पर्छ। यसतो पनि छैन कि पहाड़मा मान्छेहरू चकबंदीको लागि तैयार न हुन। कयौं ग्रामहरू यस्का लागि तैयार छन तर इच्छुक ग्रामहरूको पनि चकबंदी केन भएको छैन? कम से कम चकबंदी न हुने कारणहरूको जानकारी त जनतालाई हुनु नै पर्छ। 2001 जनगणनाका आधारमा उत्तराखण्डको कुल जनसंख्या 84 लाख 89 हजार थियो। र यस्मा 63 लाख 10 हजार ग्रामीण आबादी थियो, 2011 जनगणनाको अनुसार प्रदेशको जनसंख्या 1,10,16752 करोड़ र 75,19781 लाख ग्रामीण जनसंख्या छ। कृषि अनि कृषि कार्य इनिहरूको मुख्य व्यवसाय छ एतीका जनसंख्यालाई केन अनदेखि गरिएको छ। कृषकहरूलाई चकबंदीको आधार भूत ढांचालाई केन दी रहको छैन ताकि उनीहरूले कृषि र अरू संबंधित व्यवसायलाई राम्रो तरीकाले गर्न सकुन। के बिना चकबंदीको पहाड़को हरित क्रांति, बागबानी, जुड़ीबूटी, पुष्प उत्पादन, मतस्य, कुक्कुट र सुअर पालन आदि अनेक आयोजनहरू सफलता पूर्वक चलन सकने छ? निराशाको विषय छ कि पट्टी पटवालस्यूं न्याय पंचायत दिवाई विकास खण्ड कजलीखाल जनपद पौड़ीको आठ वटा गाउंहरूका कृषक शासन प्रशासन संग गुहार गर्दा-गर्दा थाकी सके कि उनको यहां चकबंदी गरिदेउ भन्दा उनीहरूको सुन्वाई केन भएको छैन। यसै प्रकार जनपद उत्तराकाशीका गांउ खरसाली अनि विफका कृषकहरू पनि चकबंदी गरियोस भन्ने इंतजारमा छन। अगर ब्लाक तहमा त्यसै ब्लाकका धेरै जसो कृषकहरूलाई बोलाएर मिटिंग गरी उनीहरूलाई चकबंदी बारे विस्तारै संग बतायो भने एसमा कुनै संका छैनकि प्रत्येक ब्लाकका धेरै जस्ता गांउहरू चकबंदीको लागि सहर्ष तैयार भइ हाल्ने छन। यस्तो लाग्छ कि प्रशासनिक स्तरमा नै केहि कमी छ। प्रशासनिक उच्च अधिकारीहरू स्वयं नै स्पष्ट छैनन कि पहाडमा चकबंदी कसो गरी गर्ने। उत्तराकाशी अनि पौड़ी जनपदको अलावा अरू कति गाउंहरू हुन सक्छन जस्ले स्वइच्छा संग चकबंदी गराउने छन। तर यस कुराको सर्वेक्षण गहनताले गरिएको छैन यसलाई एउटा अभियान जस्तो गरि लिनु पर्छ, यस विषयमा एनजीओहरूको सहयोग पनि लिनु पर्छ, लेकिन मुख्य कुरा यो छ कि चकबंदी कोस्ले गर्ला? उसको लागि अधिकारी अनि कर्मचारीहरू हुन चाहिन्छ उनिहरूलाई प्रशिक्षण दिनु पर्छ। यसको लागि प्रशासनले अएिले सम्म के गरेको छ। आज पनि उ.प्र.मा चकबन्दी विभाग बाट सेवानिवृत्त भएका पर्वतीय अधिकारी र कर्मचारीहरू हामी संग छ, प्रशासनले उनिहरूको सेवा पनि लिन सक्दछन। यस्ता अधिकारीहरू संग विचार विमार्श गरेर पहाड़मा चकबंदी लागू गर्न सकिन्छ उनिहरूको अनुभव देखि लाभ उठाउनु सकिन्छ।

**रहल पृष्ठ 6 मा..**

**धर्म चर्चा**

## योग संदेश

## आत्म मूल्यांकन

"स्वयंको स्वयं संग मूल्यांकन, स्वयंको स्वयंसंग स्पर्धा हाम्रो व्यक्तित्वको विकासको मूलभूत आवश्कता है। "आत्म मूल्यांकन अथवा आत्मस्पर्घाको लागि हामीले प्रतिदिन कम से कम 10-20 मिनटको समय निकालनु पर्छ। यद्पि जीवन त एक एक पलमा घटित भई रहेको छ। एक पलको सजकताले नै हाम्रो जीवनलाई संवारने हो। विचार संवेदना एवं पुरूषार्थको हर एक स्तरमा हामी प्रत्येक पल आफ्नो मूल्यांकन गर्न सकौं तथा पहिलो भन्दा अर्को क्षण राम्रो होस यो त सर्व श्रेष्ट अवस्था हो। तर यस्तो हुंदैन भने प्रतिदिनको क्लोजिंगको माथी दिनभरीको लाभ व हानि भएको छ, यसको सजगत बन्नुले जीवनमा एउटा स्वभाविक सह-गुणात्मक दिव्य रूपान्तर सहज रूप बाट विस्तारै-विस्तारै: घटित हुन थालेको छ, आत्म मूल्यांकन व आत्म स्पर्धा संग जोड़िएको केहि मूलभूत तथ्यहरू तिर हामी तपाईहरूको ध्यान आकर्षित गर्न चाहन्छौ।

**1. अन्त प्रेरणाको जागरण:-**

बिहान उठे पछि चिन्तन गर्नु होस कि म ईश्वरको सन्तान हूँ। आफ्नो पुर्वज ऋषि ऋषिहरू एवं वीर विरांङगनाहरूको आदर्श आफ्नो सन्मुख राखेर सदा यो विचार संकल्प मनमा रहोस कि मेरो जीवन कसतो छ? तब अन्त देखि स्वत: प्रेरणा आउने छ कि आफ्नो पुर्वजहरू (ऋषिहरू) जस्तो होस। साथै संकल्प आउने छ कि म आफ्नो मूल माता-पिता, भगवान एवं आफ्नो पुर्वजहरू र भारत माताको नाम कलंकित हुन दिने छैनैं। अपितु एस जीवन बाट भगवान, आफ्नो पुर्वजहरू एवं भारत माताको यश गौरव बढ़ाउने छुँ।

**2. न राम्रो बानीबाट मुक्ति भावको जागरण:**

कृतज्ञता, अधर्माचरण एवं आफ्नो मन, वचन कर्म बाट कुनै, प्राणी मात्र एवं जड चेतनको अहित गर्नु आदि यो पा हो। त्यहि वाणी, व्यवहार व आचरण को स्तर एसतो केहि गर्नु जस्ले कसैको ध्यान गलत कुरा तीर जान्छ त्यो ठूलो पाप हो।

**प्रस्तुति पदम सिंह कार्की**

## श्री सत्यनारायणले कल्याण गरून्

जुन समाजमा बुद्धको छैन, बुद्धुको नाम छ
मुखैमुखको भीड़ले बाटो नै जाम छ
त्यहाँ सोझो सज्जनको के काम छ?
जनताको नाम लिंदै, नेताले घर भरून्
सत्यनारायण भगवानले कल्याण गरून्
जुन समाजना विरोधको नाममा कुटनीति बल्छ
नेताको पछि स्याल जस्तै बुद्धिजीवि चल्छ
जुन समाजमा नेता भष्ट्राचार गर्दै लुटछ
लाखौं लुटने घिचवा धरौटीमा छुटछ,
त्यो समाजमा कार्यकर्त्ता लड़दै, सड़दै, घांस चरून्
सत्यनारायण भगवानले कल्याण गरून्
जुन समाजका प्रशासक नै जुलुसमा जान्छ
पद पाउने वित्तिकै भाई भतीजा तान्छ
त्यो समाजको जनता बैतरणी कसरी तरून्
सत्यनारायण जनता भगवानले कल्याण गरून्
बुद्धिजीवीले गाई, गाधा एउटै ठान्छन्
त्यो समाजको जनता, सांझ-विहान छुईयाँ गरून्
जुन समाजको धर्म, शर्म, कर्मको कुनै काम छैन
विधा, बुद्धि, विवेको कुनै दाम छैन्
सत्यनारायण भगवानले कल्याण गरून्
जुन समाजमा राजनीति लुटन लाग्छ।
पदको लागि मान्छेहरू भुकन लाग्छ,
मूल्य, मान्यता, सभ्यता, सबै भाग्छ
त्यो समाजना सबैतिर मनमानी चल्छ
सत्यनारायण भगवानले कल्याण गरून्।।

**श्रीमती भारती राई**

स्वतन्त्रता सेनानी

# खड़्गबहादुर विष्ट

सन् 1901 मा देहरादूनको नेहरूग्राम भन्ने ठाउँमा रूपसिंह विष्टका पुत्रका रूपमा जन्मेका हुन् खड्गबहादुर विष्ट। पिता रूपसिंह विष्टले 9/जी.आर. मा सेवारत भई नायब-सुबेदारका पदबाट अवकाश लिएपछि कलकत्ता रेलवे पुलिसमा पुन: नोकरी गर्न थालेका थिए। ९ गोरखा राइफल्सूमै छँदा आ फ्नो पैतृक थलो देहरादूनकै डी.ए.भी स्कूल करनपुरमा आफ्नो छोरोलाई प्रारम्भिक शिक्षा दिए। डी.ए.भी कालेजबाटै उनले् म्याट्रिक अनि ढाकाबाट आई.ए. वाणिज्य विषयमा पास गरे। आफ्नो अवकाश पछि नयाँ नोकरी पाएर कलकत्ता पुगेका विष्टले छोरोलाई उच्च शिक्षाका निम्ति उतै लगे र कलकत्ता विश्वविद्यालयबाट खड्गबहादुरले बी.ए.एल.एल.बी गरे। कलकत्तामा छँदा उनले एउटी नेपाली अबला मैयारानीलाई काम वासनामा लिप्त सेठ हीरालालको शिकार हुनबाट जोगाए। उनले हीरालाललाई खुकुरीले काटे जसको चारदिन पछि मृत्यु भयो। आ फू रगत सरीको खुकुरी लिएर पुलिस चौकीमा गई आत्मसमर्पण गरे। उनलाइ आठ सालको सजाइ सुनाइयो तर नारीमाथि भएको शोषण र अत्याचारका विरूद्ध विष्टले बहादुरीको परिचय दिएकोले उनको सजाय कम होंस् भनी बंगालका नारी समाज लगायत महात्मा गांधी, मोतीलाल नेहरू, पण्डित मदन मोहन मालवीय तथा सुभाषचन्द्र बोस समेतले सरकार समक्ष अर्जी चढ़ाए। फलस्वरूप उनको सजाय कम गरी 2 वर्षको बनाइयो। बंगालको नारी समाजले विष्टलाई 'बंगाल भ्राता' भनेर सम्मानित गरे साथै 'चेलीको रक्षा गर्ने भाई' भनेर 'राखी' बाँधी उचित सम्मान दिए।

उनी स्वतन्त्रताको आन्दोलनमा मूक दर्शक बनेर बसेका थिएन्न। गांधीजीको कार्यशैलीबाट उनी साह्रै प्रभावित थिए साथै उनी स्वयं पनि एक नीडर र विवेकी व्यक्ति भएकाले उनको गुण विशेषताहरू तत्कालीन स्वतन्त्रा संग्रामीहरूका बीच चर्चाको विषय बन्न पुगेको थियो। उनको गुण, स्वभाव, बुद्धि र विवेकको कदर गर्दै महात्मा गांधी स्वयंले उनलाई व्यक्तिगत सचिव र अंगरक्षक समेत बनाएका थिए। उनकै नेतृत्वमा देहरादूनबाट 50/60 जना गोरखाहरूले खाराखेत नून आन्दोलन, देहली र पंजाबको नून सत्याग्रह आन्दोलनमा भाग लिएका थिए। साथै गांधीजीले 12 मार्च 1930 को बिहान साबरमी आश्रमबाट प्रारम्भ गरेको दाण्डी यात्रामा 80 जनामध्ये देहरादूनबाट खड्गबहादुर विष्ट र दार्जीलिङबाट महाबीर गिरी सहभागी बनेका थिए त्यस यात्रामा भाग लिने बंगालबाट दुर्गेसचन्द्र दास एकै जना बंगाली थिए। बहुसंख्यक बंगालीहरूबाट। **अल्पसंख्यक गोरखाहरूले भारतदेश प्रति लगाएको गुणको कदर गर्दै मदन मोहन मालवीय, जवाहरलाल नेहरू, महात्मा गांधी, महावीर त्यागी र राजा राजेन्द्र प्रतापले गोरखाहरूलाई साँचो र कर्त्तव्यनिष्ठ नागरिक हुन् भनी सराहना गरेका थिए।** 241 माइलको दाण्डीयात्रा 25 दिनमा समाप्त भयो। गांधीले नून कानूनको उल्लंघन गरेकामा 4 मई 1930मा उनलाई गिरफ्तार गरियो साथै दाण्डी सत्याग्रही आन्दोलनमा भाग लिनेहरूमा विष्ट पनि पक्रा परे। काराबासको सजाय भोगिसकेपछि उनले देहरादून कै खारानदीमा गई नून बटुल्ने काम गरेका हुन् फलस्वरूप उनी पुन: पक्राउ परे। गांधीजी ईर्वीनबिच भएको समझौता (15 मार्च 1931) अनुसार नूनको आन्दोलन रद्ध गरिएपश्चात् विष्टले जेलबाट छुटकारा पाए। त्यसपछि गोरखा पल्टनमा विशेष गरी 2 जी. आर. र ९ जी.आर का छाउनीतिर गएर उनले अंग्रेजहरूका विरूद्ध गुप्त रूपले पुस्तकहरू बाँड्ने काम गरे। उनी पछि कांग्रेसको गरमपन्थी दलमा सामेल भए जसको नेतृत्व नेताजीले गर्थे।

नेताजीलाई खरसाङको गिद्धे पहाड़मा नजरबन्द गरेको बेला बिष्ट यहाँ छभवेषमा आएका थिए र उनैले नेताजीलाई यहाँबाट भगाए जसलाई साथ दिनेहरूमा खरसाङका मंगल नारायण प्रधान, डी.बी. छेत्री तथा सावित्री देवी (हेलन दिदी) पनि थिए भन्ने पाइन्छ। नेताजीलाई अर्कोपल्ट कलकत्ताको एल्गिन रोडस्थित एउटा घरमा नजरबन्द गरेर राखिएको थियो जहाँ पहरा दिनेहरू सबै गोरखा थिए। उनलाई त्यहाँबाट भगाए गोरखाहरूले जसमा मुख्य भूमिका खड्गबहादुर विष्टकै थियो। उनका साथमा थिए अर्का गोरखा हर्कमान राई, धनमान गुरूग, धोजवीर थापा र नेताजीका घरका कर्मचारी यो ज्जन। हर्कमान राई गोरखा राइफल्सबाट पछि भागेर आजादहिंद फौजमा भर्ना भएका थिए। यसअघि पुलिसले विष्टको खोज-तलास गरिरहेकाले उनी नेपाल पुगेको भएकाले उनी नेपालबाट पुन: कलकत्ता एल्गिन रोड पुगेका थिए। एल्गिन रोडबाट पेशावर लिएर जाँदै गर्दा यी सबैले मिलेर नेताजीलाई पेशावर भएर अफगानिस्थान हुँदै जर्मनी पुग्याउन सहयोग गर्न निस्किएका थिए तर हर्कमान राई र धोजवीर राईले सो कार्य पुरा गरे। तर उत्तरी -पश्चिमी सीमान्त क्षेत्र (हालको अफगानिस्थानको छेउ)मा प्रवेश गर्दै-गर्दा अंग्रेज गुप्तचरले नेताजी भाग्दैछन् भन्ने थाहा पाए। सँधै अफगनिस्थानको त्यस सीमा चौकीमा गोरखा सेनाका जवानहरूलाई तैनात गरिएको हुन्थ्यो तर त्यसदिन अंग्रेज जवानहरू नै चौकीको निगरानीमा बसेका थिए। नेताजी भाग्दैछन् भन्ने थाहा पाएर चौकीमा जवानहरूको फेरबदल गरिएको थियो।

उनीहरूमाथि हमला भयो जहाँ नेताजीलाई भगाउन खडगबहादुर विष्ट सफल भए तर गुप्तचरहरूको गोलीको निशानी भए विष्ट यद्यपि हर्कमान राईहरू नेताजीलाई जर्मनको बर्लिन भन्ने शहरमा पुग्याउन सफल भए। यता गोली लागेपछि अंग्रेज गुप्तचरले पक्राउ गरे पनि उनको प्राण गइसकेको थियो। पछि अंग्रेज गुप्तचरहरूले तिनको शरीर समेत लापत्ता गरीदिए। उनी स्वतन्त्रताको मिरमिरे हुन नपाई मरे। देशलाई फिरंगीहरूको पंजाबाट उकास्न आफ्नो सर्वस्व दिए। हाम्रा गोरखाहरू चाहे ती सैनिक होउन् वा गैर-सैनिक, मातृभूमिको निम्ति रासबिहारी बोस जस्तो कटुता पैदा गरेर होइन तर नेताजी सुभाषचन्द्र बोस झैं दूरदर्शी भएर लड़े। भारतलाई स्वतन्त्र भएको 62 वर्ष बितिसक्दा पनि गोरखाहरू स्वतंत्रताको स्वाद लिनबाट वञ्चित छन्। जुन जातिले सुभाषचन्द्र बोसलाई 'नेताजी सुभाषचन्द्र बोस' बनायो त्यही जातिले आज भारतमा आफ्नो अस्तित्व रक्षाको निम्ति बंगाल र केन्द्र सरकार समक्ष गिड़गिड़ाउनु परिरहेको छ। वाह! भारत!

# औसत आयुमा जापान पहिलो

**हाए कार्यालय**

विश्वमा कुन कुन राष्ट्रका नागरिक दीर्घजीवी छन् भन्ने विषयमा संयुक्त राष्ट्रसंघीय विश्व स्वास्थ्य संगठनले हालै एक अनुसन्धानात्मक प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार जापान पहिलो, सिंगापुर दोस्रो, स्विट्जरल्यान्ड तेस्रो र त्यसलाई पछ्याउँदै अस्ट्रेलिया चौथो स्थानमा छ । नागरिकको आयुको औसत लम्बाई मापन सूचीमा अस्ट्रेलिया चौथो स्थानमा उक्लेको हो । अस्ट्रेलियाले औसत नागरिक दीर्घजीवनमा विश्व नेताको उपाधि हासिल गरेको छ ।सफासुग्घर र प्रदूषणमुक्त नगरमा बसोबास तथा अत्यन्त न्यून धूम्रपान दरजस्ता तत्त्वहरूले अस्ट्रेलियाको राष्ट्रिय औसत आयु दर बढाउन टेवा पुरयाएको पनि उक्त प्रतिवेदनले औंल्याएको छ । यद्यपि, समग्रमा सन् २००० देखि २०१५ सम्ममा विश्वभरिकै औसत आयु दर ग्लोबल लाइफ एक्स्पेक्टेन्सी मा वृद्धि भइरहेको तथ्य विश्व स्वास्थ्य संगठनका प्रवक्ता डा. कोलिन म्याथर्सले आस्ट्रेलियन ब्रोडयास्टिङ कर्पोरेसन एबीसी संचार माध्यमलाई बताएका छन्। विश्व स्वास्थ्य संगठनका १ सय ९४ सदस्य राष्ट्रमाझ गरिएको अनुसन्धान र परीक्षणबाट यो निष्कर्ष निकालिएको थियो । केही अस्ट्रेलियाली अत्यन्त कडा र निको नहुने खालको दीर्घरोगको सिकार भए तापनि समग्र राष्ट्रिय औसत आयु दरमा भने अस्ट्रेलियाले विश्वका धेरै मुलुककलाई उछिनेको छ ।

पृष्ठ 5को रहल

## पर्वतीय क्षेत्रहरूमा....

कुनै कार्यालय जानेहरूसंग विचार विमर्श गर्न राम्रो नै हुनछ, तर अहिले सम्म कुनै उचित व्यवस्था गरिएको छैन। भूमि सुधार परिषद संभवत: यस तर्फ गएको छैन जसमाथि पहाड़ तिरको चकबंदी गराउने अभिभार छ। आउने भविष्यमा जुन कुनै समिति यस्को निम्ति गठित गरिएला उनका अध्यक्ष व सचिव जुनले पनि यो कार्य हेर्नेछन उनि संग अनुरोध छ कि पहाड़मा यदि चकबंदी गराउने सांचेन मानसिकता छ भने यस सम्बन्ंधमा ती मान्छे हरूसंग अवश्य नै विचार विमर्श गरियोस जो संग बढि अनुभव छ। चाहे त्यो व्यक्ति मैदानको केन न होस केन भने त्यो व्यक्ति चकबंदी न जान्ने भन्दा राम्रो होला। समर्पित अनि प्रशिक्षित अधिकारी र कर्मचारीहरूको एक-एक दल सचल दल प्रत्येक जनपदका लागि बनाइयोस अनि यस्ता गाउं बाट चकबंदी प्रारम्भ गर्नु पर्छ जुन गांउका मान्छेहरू इच्छुक छन। कार्य प्रारम्भ गर्नुमा कठिनाई त आउंछ त्यसको निराकरण पनि गर्नु पर्छ। जब सम्म व्यवहारिक रूपले कार्य गरिने छैन मात्रै कागजी घोड़ा दगुराएर योजना लागू हुने छैन। पहाड़का कृषक हितमा कार्य गर्नु प्ररेणाले नै चकबदी पहाड़मा शुरू गर्न सकिन्छ।

# बंगला देशमा पइरोले 105 मान्छेहरूको ज्यान गयो

**हाए कार्यालय**

**ढाका (प्रेट)।** बंगला देशमा बंगालको खाडीमा दबावको कारण परेको लगातर झरीमा पइरो गयेरा कतिपय सैन्य अधिकारीहरू समते 105 जनाको मृत्यु भई सकेको छ। अधिकारिक सूत्रहरूको अनुसार मृतकहरूको संख्या बढ्न पनि सक्दछ। रांगामाटीमा सबै भन्दा बढ़ी 76 वटा मान्छेहरूको ज्यान गएको छ। सर्वाधिक प्रभावित इलाकहरूमा रांगामाटी लगायत रंगुनिया बंदरबन र चिटा गांग शमिल छन। एउटा वरिष्ट पुलिस अधिकारी रफीक उल्लाको अनुसार सेनाको साथमा पुलिसलाई पनि राहत कार्यमा लगाएको छ। तर बीच-बीचमा झरी-परी रहनले राहत कार्यमा बाधा परी रहेको छ। मृतकहरूको सही संख्याको फिलहाल कुनै जानकारी छैन।



स्व. बल बहादुर राणाज्यू

# शोक संदेश

हाम्रो गोरखा समाज कल्याण समिति रूड़कीका वरिष्ट सदस्य श्री बल बहादुर राणाज्यूको 71 वर्ष को उमेरमा दिनांक 24.6.2017को दिन आकस्मिक स्वर्गवास भयो। उहाँले आफ्नो पछि विवाहित छोरा छोरी नाती नातिनीहरू छाड़ेर जानुभएको छ। उहाँको मृत्यु हुनले हाम्रो समितिलाई दुख भएको छ। प्रभुले उहाँको आत्मालाई शांति प्रदान गरून अनि परिवारलाई यो दुख सहने शक्ति प्रदान गरून। हाम्रो एकता परिवारको तर्फ बाट पनि स्वर्गीय बलबहादुर राणाज्यूलाई हार्दिक श्रद्धांजलि।

# छुटटै राज्य उत्तराखण्ड आन्दोलन र गोरखा समाजको अवदान

हाए कार्यालय

**परिचय :** देहरादूनका प्रमुख गोरखा नेता, भाषा आन्दोलनका अग्रणी, अनि उत्तराखण्ड राज्य आंदोलनमा गोर्खालीहरूका प्रेरणा स्रोत, लेखक गीतकार श्री बब्बर गुरूंग ''अँध्यारो'' को कुनै परिचयको आवश्यकता छैन। उनीले कांग्रेस पार्टीमा रहेर 22वर्ष जनसेवा गरे त्यस पछि उत्तराखण्ड क्रांतिदलमा सानो कार्यकर्ता देखी लिएर केन्द्रीय उपाध्यक्षको पद सम्मा पुगी प्रदेशको जनताको 14 वर्ष सम्म सेवा गरी सक्रिय राजनीति बाट बिदा लिएका हुन। एउटा लेखकको रूपमा श्री बब्बरज्यूले (अगस्त 1994 बाट अगस्त 2000सम्म) दुवैटा पुस्तक लेख्नु भएको छ प्रथम **छुट्टै राज्य उत्तराखण्ड आंदोलन र गोरखा समाजको अवदान** अनि **नेपाली भाषा मान्यता आंदोलन –दून घाटीको हातेमालो** उहांका यी पुस्तकहरूमा लेखिएका विचार अनि सस्मरणहरूलाई गोरखाली समाज सम्म पुरयाउने प्रयास हाम्रो एकताले गर्न खोजेको छ। यसर्थ 'हाम्रोएकता'को वर्ष 8 अंक 11, 31 जनवरी 2014 बाट प्रत्येक अंकमा पहिला **छुट्टै राज्य उत्तराखण्ड आंदोलन र गोरखा समाजको अवदान** बाट स–सानो अंश 'हाम्रोएकताले' प्रकाशन गर्दै छ सदस्यहरूले पढ्नु होला– सम्पादक

**23.11.97**

तेस्रो चरण निर्णय यात्राका लागि टारगेट राख्यौं तेलपुरा, सेलाकुई। 10 बजेतिर पुष्पा राणा र उहांका सहयोगीहरू स्वागत गर्न पर्खिरहेका थिए। उहांले गाउंका बुजुर्ग र विशिष्ट व्यक्तिहरूसंग परिचय गराउनु भयो अनि स्थानीय दुर्गा मन्दिरमा लग्नु भयो। जनताहरूको घुइंचो बढिरहेको थियो। अलिक बेर पछि श्री मनवरसिंह रावतजीले जनसभाको घोषणा गर्नु भयो। सभामा सेलाकुईबाट कै. गंगा थापा, श्री मोहन थापा लगायत अनेकौं समर्थकहरू हामीभन्दा पहिल्यै तेलपुरा पुगिसकेका थिए। सभाको अध्यक्षता श्रीमती पुष्पा रानालाई दिइयो सर्वसम्मतिले। सबैले क्षेत्रको आन्दोलनमा गोरखा समाजको भागीदारी, क्षेत्रको उन्नति, बेरोजगारी, शिक्षा आदिको विषयमा विचार पोखे। श्री बबर गुरूंगले देशको स्वंत्रताको 50 वर्षपछि पनि क्षत्रपति सरकारको हेंला अति दुखको विषय भन्दै नव राज्य उपरान्त स्थिति सुधरिन्छ आशा राख्ने अनुरोध गर्दै बेग्लै राज्य आन्दोलन अन्यान्य राजनैतिक दलहरूको निष्क्रियता बारे जनाउंदै यथार्थलाई प्रकट गर्नु भयो। अनि सबैलाई नव राज्य गठित न हुने बेलासम्म आन्दोलनाई सहयोग पुर्‍याउने अनुरोध राख्नु भयो। साथै उहांले सर्व धर्म–जातिलाई संगै लिएर बस्ने प्रदेश हुन्छ नव राज्य, जनाउनु भयो। केन्द्र सरकारलाई नव राज्यको विधेयक पारित गर्ने दबावनै अहिलेको रणनीति भएको छ। राष्ट्रपिता महात्मा गांधीको देशमा सरकारको यस्तो नकारात्मक नीति अति दुखको विषय बताउनु भयो। अन्तमा श्रीमती पुष्पा रानाले त्यस क्षेत्रबाट पूर्ण सहयोगको विश्वास दिलाउनु भयो र सबैलाई धन्यवाद दिनु भयो। यस निर्णय यात्रामा गोरखा क्रान्ति दलका 16 जना सदस्य थिए।

**9.12.97 धरनाको 1218वौं दिन**–उत्तराखण्ड गोरखा क्रान्ति मोर्चाद्वारा कचहरी परिसर, शहीद स्थलमा धरना थियो आज। आज धरनामा बस्नेहरूको संख्या थियो–9। यो क्रम यसरीनै संघर्ष समितिको योजना अनुसार आन्दोलनको समापन नहुने बेलासम्म चलिरहने निर्णय भएको छ।

**नोट:** दिसम्बर 97मा उत्तर प्रदेश विधान परिषद र जनवरी–फरवरी 98मा लोक सभाको चुनावले गर्दा आन्दोलनको कार्यक्रम केही दिनका लागि स्थगित गरियो।

**2.4.98 जिल्ला मुख्यालयमा उक्रांदको धरना र प्रदर्शन**– केन्द्रमाथि लगातार दबाव दिने नीति तहत दलको कार्यक्रम अनुसार 10 बजे विभिन्न क्षेत्रहरूबाट समर्थक दलहरूका प्रतिनिधिहरू भेला हुन थाले जिला मुख्यालयमा। नाराबाजी र प्रदर्शन पछि जनसभा हुन थाल्यो। दलका विभिन्न नेताहरूले केन्द्रको भ्रामक र झूटो आश्वासनको निन्दा गरे र नव राज्यको जनमांगलाई लोकसभाद्वारा पारित गराएर पहाडको सपना पूरा गराउने आवश्यकतमाथि जोर दिए। सरकारको यस्तै चालाबाला रहेको खाण्डमा असहयोग आन्दोलनसम्मको कुरा गरि्यो। वक्ताहरूमा श्री इन्द्रमणी बडोनी, श्री काशीसिंह ऐरी, श्री विपिन त्रिपाठी, श्री बी डी रतुडी, श्री वेद उनियाल, श्रीमती सुशीला बलुनी, मेजर वीरसिंह विष्ट, प्रो ए एस शर्मा आदि नेताहरू शामेल थिए। जिल्ला प्रशासनका तर्फबाट महामहिम राष्ट्रपतिलाई ज्ञापन पठाइयो। गोरखा क्रान्ति मोर्चाका कुल 26 जना सदस्यले भाग लिएका थिए यस धरना/ प्रदर्शनमा।

**11.4.98 उत्तराखण्ड गोरखा क्रान्ति मोर्चाको रैली**– जिल्ला प्रशासनको तर्फबाट महामहिम राष्ट्रपतिलाई ज्ञापन पठाइयो। आह्वानमा आन्दोलनकारीहरू ठूलो संख्यामा गांधीपार्कमा भेला भए। रैलीको नेतृत्व संरक्षक श्री बबर गुरूंग लगायत अन्यान्य वरिष्ठ पदाधिकारीहरूले गरे। जिल्ला मुख्यालयको प्रांगणमा नाराबाजी भयो। गोरखा समाजको भागीदारी नेपाली भाषाका नाराहरूले पनि दिइरहेको थियो। केन्द्रको ढांटुवा बानी खुलस्तमा आएको देखेर सबैको क्षोभ प्रकट भएको थियो सभामा। अन्तमा जिल्ला प्रशासनका तर्फबाट महामहिम राष्ट्रपतिलाई ज्ञापन पठाइयो।

यस रैलीमा उत्तराखण्ड गोरखा क्रान्ति मोर्चाका 53 सदस्यहरूले अंश ग्रहण गरे।

**24.4.98 धरनाको 1354वौं दिन:**– पुर्व निर्धारित कार्यक्रम बमोजिम गोरखा क्रान्ति मोर्चाले कचहरी परिसर, शहीद स्थलमा धरनाको पालो थियो आज। धरनामा बस्नेहरूको संख्या थियो–16 जना।

**22.5.98 वादा निभाऔं रैली/उक्रांद**– केन्द्रमा नवगठित भारतीय जनता पार्टीको सरकारका प्रधानमंत्री श्री अटलविहारी बाजपेयीलाई उत्तराखण्ड राज्यको प्रास्तव लोकसभामा प्रस्तुत गरी प्रक्रियालाई शीघ्र पार्ने दिशामा अग्रसर हुनका लागि उत्तराखण्ड क्रान्ति दलले एउटा विशाल रैलीको आह्वान गर्‍यो। अनुरोध प्रधानमंत्रीलाई पठाइयो। अझ सम्म शान्तिको बाटोमा हिंडिरहेका आन्दोलनकारीहरूसित अरू विकल्प पनि छ भन्ने कुरो जनाइयो। रैलीको नेतृत्व श्री काशीसिंह ऐरी र श्रीमती सुशीला बलुनीले गर्नु भयो। अन्यान्य उक्रांदका सबै वरिष्ठ सदस्य सामेल थिए रैलीमा। भारतीय जनता पार्टीको आश्वासनको अनुसार सत्तामा आएको 90 दिन भित्र उत्तराखण्ड राज्यको गठन हुनु पर्ने हो–यो कुरो दोहोराउंदै यसपालि पुनः ठगिने स्थिति न होस् भन्ने कुरो रैलीमा सुन्न पाइयो। आज 42 जना गोरखा क्रान्ति मोर्चाका सदस्य उपस्थित थिए।

# योग र महिला

**असार १, २०७४।** 'गाउँघरका महिलाले योगका सबै आसन गरेको देखिन्छ । उनीहरू निहुरेर, टुक्रुक्क बसेर काम गर्छन्। घाँस, दाउरा गर्न कताकता जान्छन्। उनीहरूले भिन्नै व्यायाम गर्नु पर्दैन। सहरका महिला त एक किलोमिटर पर पुग्न पनि मोटर चढ्न खोज्छन्। लुगा धुन मेसिनको प्रयोग गर्छन्। टुक्रुक्क त बस्नै पर्दैन। यस्ता महिलालाई चाहिँ व्यायाम र योगासन जरुरत पर्छ,' योगको एक कार्यक्रममा जाँदा गुरुजीले भनेका थिए । मेरी ८० वर्षीया आमा अहिले पनि सुनाउनुहुन्छ, कसरी हजुरआमाले घाँस काट्ने, दाउरा ल्याउने काम गर्नुहुन्थ्यो । खेतमा मजदुरहरूसँगै काम गर्नुहुन्थ्यो रे । उहाँ ९९ वर्ष सम्म बाँच्नुभयो। अन्तिम ६ महिनामात्र उहाँलाई ओछ्यानबाट उठ्न गाह्रो भएको थियो। तर उहाँले क्याल्सियम, आइरन चक्की खानुपरेन। प्रकृतिसँग मिलेर काम गर्ने र प्राकृतिक खाना नै खाने हुनाले उहाँ स्वस्थ भएर धेरै बाँच्नुभयो भन्ने मेरो बुझाउ छ।अहिले सहरका महिलाको जीवन धेरै सजिलो भएको छ । तर महिलाले आफ्नो स्वास्थ्य, व्यायाम, खानपिनमा ध्यान नदिने हो भने पछि शारीरिक समस्या देखापर्न सक्छ । समस्या भइसकेपछि औषधी, डाक्टर र अस्पतालको खार्च त छँदैछ, त्यसमाथि हुने मानसिक तनावको कतै लेखाजोखा नै हुँदैन । मैले योगासन र व्यायाम गर्छौं कि गर्दैनौ भनेर सोध्दा साथीहरू 'हामीलाई कामले फुर्सद नै हुँदैन' भन्छन् । घरपरिवारको विचार, बाहिरको काम, खाना पकाउने काम, अफिसको तथा सामाजिक काम आदिका कारण समयको त ध्यान नै हुंदैन । तर म साथीहरूलाई भन्छु, 'तिमीले परिवार र अफिसको काम भनेर आफ्नो शरीरलाई विचार गरेनौ भने पछि बिरामी परेपछि, ढाड र घुँडा दुखेपछि कसरी सम्हाल्न सक्छौ त? मन्दिर वा मस्जिदमा दियो जलाउनुअघि घरमा दियो जलाउनुपर्छ ।' तर प्रायः महिलाहरूले अरुको सुख सुविधालाई ध्यानमा राखेर आफूलाई चाहिँ बेवास्ता गरेको पाइन्छ । अफिसमा लामो समय एकै ठाउँमा बसेर काम गर्दा ढाड र घाँटी दुख्ने समस्या हुन्छ । एक रिपोर्टअनुसार यसरी कम्प्युटरमा बसेर काम गर्ने १ पुरुषलाई समस्या हुँदा १० जना महिलालाई त्यस्तो समस्या हुन्छ । एउटै ठाउँ बसेर ८ १० घन्टा कम्प्युटरमा काम गर्दा शरीर थाक्छ, जीउ दुख्न सुरु हुन्छ । त्यस्तो बेला उठेर हिँड्नु र सानो सानो योगासन गर्नुको साटो महिलाहरू दुखाइ कम गर्ने औषधी खान थाल्छन् । कुनै दिन जब असह्य भएर ढाड, घाँटी दुखेर हिड्न नै सकिन्न, अनि बल्ल केही समस्या परयो कि भनेर खोजी हुन्छ । लामो समय कम्प्युटरमा काम गरिरहँदा हुने काँध दुखाइको समस्याबाट छुटकारा पाउन र पछि नहोस् भनेर पनि योगासन सिकेर तिनलाई दिनदिनै प्रयोगमा ल्याउनुपर्छ। विदेशमा काम गर्ने सिलसिलामा जाँदा मलाई भनिएको थियो, 'हरेक एक दुई घन्टा कम्प्युटरमा काम गरेपछि १० मिनेट उठेर हिँड्नु। नाडीको मसाज गर्नु । हात चलाउनु नत्र पछि समस्या पर्छ। अफिसमा लामो समय काम गर्ने महिलाहरू ढाड दुखाइको सिकार बन्छन् ।' यो भनाइलाई मैले मन्त्र जस्तै मनन गरेर एकै ठाउँमा लामो समय बस्नुपर्ने काममा एक दुई घन्टामा उठेर हिँड्छु। शरीर सोझयांउँछु ।संसारले योग दिवस भनेर मनाउनु अघि नै नेपालमा डा. हरिप्रसाद पोखरेल र उमेश श्रेष्ठजस्ता व्यक्तिहरूले योगको महत्त्वबारे जनमानसलाई धेरै जानकारी दिएका थिए र उनीहरूबाट प्रेरणा लिएर हामी थुप्रैले योगलाई जीवनको अंग बनाएका छौं । समस्या के छ भने नेपाल सरकारले डा. पोखरेल र श्रेष्ठको ज्ञान र अनुभव वास्तै गर्दैन । तर भारतबाट रामदेव आउँदाचाहिँ दगुरी–दगुरी जान्छन्। नजिकमा भएको ज्ञानलाई अवहेलना गरेको सायद घरकी मुर्गी दाल बराबर भएर होला ।

**रहल पृष्ठ 8 मा**

पृष्ठ 7को रहल

# योग र महिला....

कति साथीहरूचाहिँ बिहान वा बेलुका योगासनचाहिँ गर्छन, अनि समोसा, जेरी, स्वारी, चाउचाउ, विभिन्न चिसो पेयपदार्थ खाएर मोटोपनको सिकार बन्छन् । 'खोइ योग गरेर मलाई त केही फाइदा भएन, मोटोपन घटेन, घुँडा र ढाड दुख्न छाडेको छैन' भन्छन्। उनीहरूले के विचार गर्दैनन् भने योग भनेको केही आसनमात्र होइन, आहार विहार आदिबारे पनि त्यतिकै विचार गर्नुपर्छ । गर्भवती र सुत्केरी महिलाले पनि योगका केही साधारण आसन गर्नुका साथै स्वस्थ खानपिनमा ध्यान दिनुपर्छ । विदेशमा गर्भवती महिलाका लागि विशेष योगासन कक्षा संचालन गरिन्छ । नेपालमा अहिले त्यस्तो कक्षा संचालन गर्ने कार्यक्रम त सुनिएको छैन, तर मेरा केही स्त्रीरोग विशेषज्ञ साथीले गर्भवती महिलालाई खुट्टा, ढाड र हातको योगासन गरे वेश हुन्छ भन्छन् । गर्भवती महिलाहरू सुत्केरी भएपछि अन्य कुनै शारीरिक समस्या छैन भने केही साधारण योगासन त एक दुई सातामा सुरु गर्न सक्छन् । यसले उनीहरूलाई सुत्केरीबाट छिटो तङग्रिन मद्दत गर्छ । सुत्केरी अवस्थामा खानपिनमा ध्यान नदिएर धेरै चिल्लो, बढी मासुभात आदि खाइयो भने त बच्चा ६ महिनाको नहुँदै आमाको शरीरमा मोटोपन धेरै बढ्छ र त्यसपछि गर्दा ढाड र घुँडा दुख्ने समस्या पैदा हुनसक्छ । हामीसँग केही मालसामान छ भने हामी बडो जतन गर्छौं । लुगा फोहोर भए धोएर इस्त्री लगाउँछौं, सुतीको लुगामा माड राख्छौं । मोटर, मोटरसाइकल र साइकल पनि जतन गर्छौं । समय समयमा मोबिल फेर्छौं, हावा छ कि छैन भनेर जाँच गर्छौं, चाडपर्वमा वाहनको पूजा पनि गर्छौं, ताकि दुर्घटना नहोस् । तर ती सबैको आनन्द लिने शरीरलाई वास्ता गर्दैनौं । शरीर स्वस्थ भए सुन्दरता यसै बढ्छ, सुन लगाउनै पर्दैन भने सिक्न समय लाग्छ । शरीरभरि सुन लगाएर हिँड्दा गर्व गर्ने महिलालाई सुन नलगाऊ, बरु फटाफट हिँड्न सक्षम बन भनेर आफ्नो स्वास्थ्यमा ध्यान दिन सिकाउने कि ?

**-डॉ अरूणा**
**क्रान्तिपुर विचार**

## समाचारपत्र 'हाम्रोएकता' कसरी पाउने

मुनि दिएको कूपन भरेर आफूलाई चाहिएको सदस्यतामा निशान लगाएर सदस्यताको रकम तल लेखिएको ठेगानमा पठाउनुहोस्। कार्यालयमा सदस्यता प्राप्त हुंदा साथ हामी उहांको ठेगानामा 'हाम्रोएकता' पोस्ट गर्नेछौं, नो टेंशन।

### कूपन

| निशान | वर्ष | अंक | रू. |
|---|---|---|---|
| सदस्यता रकम | 1 | 12 | 40 |
| सदस्यता रकम | 2 | 24 | 80 |
| सदस्यता रकम | 3 | 36 | 120 |
| (रूपिया डाक खर्चा समेत) | | | |

आजीवन सदस्य (एकै फेरा) 600/- रूपिया एकै फेरा
विशिष्ट सदस्य (एकै फेरा) 1200/- रूपिया एकै फेरा
संरक्षक (एकै फेरा) 5000/- रूपिया एकै फेरा

नाम : ..............................................................
ठेगाना : ..............................................................
शहर : ..............................................................
फोन नं : ..............................................................

चेक वा रूपया पठाउने ठेगाना हाम्रोएकता समिति (रजि०)
70 नयांगांव, डाक अनारवाला, देहरादून कैन्ट (उत्तराखण्ड) मो नं० 9897804293
नोट :- पुरानो सदस्यहरूले वितरक छ भने वितरकलाई सदस्यता रकम जमा गराउनु नभए, दिएको ठेगानाम चैक/एम.ओ/ड्राफ्टद्वारा पठाउने अनुरोध गर्दछौं।

# "हाम्रोएकता" समिति (रजि0)
## कार्यालय :70, नया गांव (विजयपुर-हाथीबड़कला)
## डाक-अनारवाला देहरादून कैण्ट

**माननीय संरक्षक**
- कै. जे.बी. कार्कीज्यू कौलागढ़ देहरादून।
- बिग्रे. पी.एस. गुरूंगज्यू, गढ़ी देहरादून
- श्री पूरन बहादुर रानाज्यू, किशनपुर, देहरादन
- ह. डम्बर सिंह थापाज्यू, चन्द्रबनी, देहरादून।
- कु. सुषमा प्रधान, ग्राम विलासपुर, कांडली, देहरादून कैंट।
- ले.क. विक्रम सिंह क्षेत्री, महारानी बाग देहरादून।
- श्री राजकुमार कौल नया गाँव दे.दून कैन्ट।

**माननीय प्रमुख दानदाताहरू**
- श्री अजय थापाज्यू, गढ़ी, डान्डी, देहरादून
- श्री नितिन गुरूंगज्यू, जोहड़ी गांउ, देहरादून
- श्री पूरन बहादुर रानाज्यू, किसनपुर, देहरादून
- पाल ज्वैलर्स, गढ़ी देहरादून कैन्ट
- श्री सुरेश प्रधानज्यू (लड़िया) नया गांउ देहरादून

**माननीय विशिष्ट सदस्यहरू**
1. ले.क. वीएम थापाज्यू, कालीदास मार्ग देहरादून
2. सु.मे. (अ.प्रा.) बुद्धि सिंह राणा, रूड़की
3. श्री पी.एस.पुनज्यू, चन्द्रबनी देहरादून
4. श्री सुरेन्द्र थापाज्यू, मोहब्बेवाला देहरादून
5. श्री शोभा सिंह क्षेत्रीज्यू, नींबूवाला, देहरादून
6. डा.एन.एस. गुरूंगज्यू, नया गाउं, देहरादून
7. श्री सूर्यविक्रम शाहीज्यू, चन्द्रमणी, देहरादून
8. श्रीमती ज्योति राई कोटियाज्यू, नयागांउ, देहरादून
9. श्री सत्यदेव थापाज्यू नया गांउ, देहरादून
10. कै. टीकाराम थापाज्यू, राष्ट्रपतिको आजीवन ए.डी.सी. नयागाउं।
11. श्री प्रेम बहादुर थापा छिद्दर वाला, देहरादून
12. आ.के. प्रेम बहादुर गुरूंग ठाकुर पूर देहरादून

**मा0 आजीवन सदस्यहरू**
1. श्री पदम पन्थीज्यू, कौलागढ़, देहरादून
2. श्री शिव प्रसाद गुरूंगज्यू, नयागाउं, देहरादून
3. श्री माधव प्रसाद उपाध्यायज्यू, नया गांउ, देहरादून
4. कै. आर.बी. रानाज्यू, बालावाला, देहरादून
5. श्री आर.एस.रानाज्यू, बालावाला, देहरादून
6. श्री डी.बी. रानाज्यू, किशनपुर देहरादून
7. श्री एस.बी. रानाज्यू, 9 कलीदास मार्ग, देहरादून
8. ले.क.एस.एस. थापाज्यू, वसन्त बिहार, देहरादून
9. श्री बी.के. बरालज्यू, गढ़ी कैन्ट, देहरादून
10. ले.क. सी.बी. थापाज्यू, रायपुर, देहरादून
11. कै.डी.बी. सुब्बाज्यू, मोहब्बेवाला, देहरादून
12. श्री देवेन्द्रलामाज्यू, नया गांउ, देहरादून
13. श्रीमती सरोज गुरूंग, नया गांउ देहरादून
13. श्री दुर्गा प्रसाद उपाध्याय, गढ़ी, देहरादून कैंट
14. कै जी.एस. कार्की ज्यू, हि. प्रदेश
15. श्री श्याम सिंह क्षेत्री ज्यू, नाईवाला, देहरादून
16. ले.क. एन.एस. खत्री ज्यू, गांधी ग्राम, देहरादून
17. श्री पहल सिंह क्षेत्रीज्यू क्लेमेन्टाउन, देहरादून।
18. श्री हरी दत्त शर्माज्यू, नागेश्वर मंदिर डाकरा।
19. श्री नवीन पंवारज्यू डाकरा, देहरादून
20. श्री शेर बहादुर खत्रीज्यू, कौलागढ़, देहरादून
21. मेजर प्रहलाद चन्द्र रतन कार्कीज्यू, गढ़ी, देहरादून
22. श्रीमती लक्ष्मी प्रधानज्यू, नया गांउ, देहरादून
23. कर्नल वी.एस. खत्रीज्यू, नया गांउ, देहरादून
24. श्रीमती विद्या देवी आलेज्यू, बालावाला, देहरादून
25. श्रीअरूणसिंह आलेज्यू, बालावाला, देहरादून
26. श्री के.बी. रानाज्यू रांझावाला, देहरादून
27. श्री भाष्कर रानाज्यू, बंगलुरू, कर्नाटक
28. कु. समिता राणाज्यू, बंगलुरू, कर्नाटक
29. पाल ज्वैलर्स, गढ़ी, देहरादून कैन्ट
30. श्री अमर जंग रानाज्यू, बालावाला, देहरादून
31. ले.क.वीकेशर्माज्यू अधि.जसवन्तनगरदेदून
32. ले.क.रामसिंह थापाज्यू कुटालवाली दे.दून।
33. श्री कपिल थापाज्यू नयागांव, देहरादून
34. पं0 राम प्रसाद गौतमज्यू, ठाकुरपूर, देहरादून
35. श्री रमन रानाज्यू, बालावाला, देहरादून
36. श्रीमती अनुराधा खत्रीज्यू राजपूर रोड, देहरादून
37. अध्यक्ष गोरखा पू.सै.उ.भ.कोष,नया गांउ देहरादून
38. कमां. पूरन सिंह क्षेत्रीज्यू जीएमएसरोड, दे.दून
39. सुश्री स्नेहलता राईज्यू दार्जीलिंग (पं.बं)।
40. श्री राम सिंह थापाज्यू नेहरू ग्राम, देहरादून।
41. मेजर वी.एस.थापाज्यू शिमला, (हि.प्र.)
42. ले.क. डी.वी. थापाज्यू जी.एम.एस.रोड दे.दून
43. श्री ए.के. प्रधानज्यू अनारवाला, देहरादून कैंट
44. सू.मे. बुद्धि सिह राणाज्यू रूड़की
45. श्रीमती कमला थापाज्यू नया गाउं दे.दून कैं.
46. श्रीमती पूर्णा थापाज्यू पूर्व प्रधानकेदारपुर।
47. कै जे.बी. कार्कीज्यू-कौलागढ़
48. कै पी.बी. राईज्यू-क्लेमिन टाऊन
49. मेजर शिव दर्शन सिंहज्यू-धर्मशाला
50. लेफ्टिनेट दीक्षान्त कार्कीज्यू-7/11 जी आर
51. श्री जे.पी. थापाज्यू, बसन्त विहार, दे.दून
52. श्री टेक बहादुर प्रधानज्यू, नहान (हि.प्र.)
53. श्री श्याम खत्रीज्यू, चांदमारी दे.दून
54. कैप्टन अशोक गुरंगज्यू-नयां गांव, दे.दून
55. दिव्य ज्योति जागृति संस्था-नयां गांव, दे.दून
56. श्री मोहब्बत सिंह थापा, रांझावाला दे.दून
57. श्री कमल बहादुर आले, बागेशवर
58. सु. सुरेन्द्र सिंह, बुड़ाथोकी, बागेश्वर
59. सु. पूरन सिंह गुरूंगज्यू, रांझावाला, दे.दून।
60. श्रीमती इन्दिरा गुरूंग, डाक रांझावाला, दे.दून।
61. कर्नल एस.एस. कंवर आशीर्वाद एनक्लेव दे.दून।
62. आ.कै. वी.के. थापा, गढ़ी (डाण्डी)दे.दून।
63. ले.क. डीएस खड़का, टपकेश्वर मार्ग गढ़ी।
64. श्रीमती देवमाया गुरूंग, ठाकुरपुर दे. दून।
65. श्री सूरज राई, प्रेमपुर माफी दे.दून।
66. श्री शिवलाल आले प्रेमपुर माफी दे.दून।
67. श्री विशन सिंह थापा, डाक एवं ग्राम रांझवाला दे.दून।
68. श्री दीपक कुमार लिम्बू, 325 कौलागढ़ दे.दून।
69. श्री भीम सिंह बुड़ाथोकी अपर नेहरूग्राम दे.दून।
70. ले.क. एसएम शाही नेहरूग्राम, डांडी, दे.दून।
71. सु.शेरजंगराई नागनाथ दे.दून।
72. पूर्व वन दरोगा दिवान सिंह थापा, जिला बागेश्वर
73. आ. कै. खड़क सिंह थापा ग्राम जोहड़ी देहरादून कैन्ट।
74. पूर्व सू. इन्द्र सिंह थापा, जिला बागेशवर
75. ले.क.पी.एस.गुरूंग, नयागाव, देहरादून केंट
76. श्री खेम बहादुर गुरूंग, नयागाव, देहरादून केंट
77. कै. आर.एस.थापा चन्द्रबनी, दे.दून।
78. श्री रवि शंकर थापा, गुजराड़ा, करनपुर, डाक-घंघोड़ा दे.दून।
79. ले.क.पी.एस. थापा चन्द्रबनी दे.दून
80. कै. डी.पी.थापा चन्द्रबनी दे.दून
81. श्री अरूण कुमार शर्मा डाकरा कैन्ट दे.दून
82. कै. एस.के.सिंह प्रधान चन्द्रबनी दे.दून
83. कै. इन्द्र बहादुर थापा चन्द्रबनी दे.दून
84. कै. बीशन बहादुर थापा चन्द्रबनी दे.दून
85. सू. उत्तम सिंह थापा चन्द्रबनी दे.दून
86. ह. क्लर्क कैशर सिंह थापा चन्द्रबनी दे.दून
87. श्री राम प्रसाद गुरूंग चन्द्रबनी दे.दून
88. सुश्री सारिका प्रधान चन्द्रबनी दे.दून
89. सुश्री दुर्गा गुरूंग आशीर्वाद एन्केलव दे.दून
90. कै. प्रेम फुल्ला थापा, चन्द्रबनी दे.दून
91. श्री शेर जंग थापा, नया गाँव दे. दून
92. श्री विमल राना, बिजली वाला नया गाँव देहरादून कैन्ट।
93. सुन्दर प्रधान नयागांव दे.दून
94. कै. ज्ञान सिंह गुरूंग, जोहड़ी गांव दे.दनू
95. कै. देव प्रसाद थापा, नया गांव दे.दून कैन्ट
96. श्री जे.बी ठाकुरी, श्यामपुर दे.दून
97. श्री टी.बी. राना मोहब्ब वाला दे.दून
98. ह. बल बहादुर गुरूंग, पिथौरागढ़, उत्तराखण्ड।
99. श्री मोहन सिंह ठाकुरी ग्राम मसन्धा वाला देहरादून।
100. एस. एस बोहरा ग्राम चन्द्रमणि खालस देहरादून।
101. श्री कुलदीप गुरूंग ग्राम चन्द्रमणि खालस देहरादून।
102. श्री राजन बस्नेत 233 डाकरा देहरादून कैन्ट।
103. मोहब्बत सिंह थापा रांझा वाला देहरादून ।
104. ऑ.कै एल.बी. मल्ल रायपुर देहरादून।
105. श्री जगत शमशेर गुरूंग, जोहड़ीगावं देहरादून कैन्ट
106. श्रीमती कंचन देवी पत्नी श्री राजकुमार पठानकोट (पंजाब)
107. सु.कृष्ण बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून
108. सु. आ.कै. अर्जुन बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून
109. ह.अरूण बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून

संस्थापक स्व0 नारायण सिंह राना,
सम्पादक- नरेन्द्र सिंह कार्की
हाम्रो एकता समिति (रजि०) को लागि नरेन्द्र सिंह कार्की द्वारा अवि प्रिन्टर्स 21 ईसी रोड देहरादून बाट मुद्रित एवं 70 नया गांव, डाक-अनारवाला, देहरादून कैन्ट बाट प्रकाशित।
आरएनआई नं. यूपी एनईपी/1999/01825, डाक पंजीयन सं. यूए/डीओ/देहरादून 264/2015-2017 (डीएवीपी एवं राज्य सरकार द्वारा विज्ञापनहरूको निंति मान्यता प्राप्त)
मो.-9897804293, E-mail: hamroekta@yahoo.com, Website:www.hamroekta.com
नोट : 1. समाचारपत्रमा प्रकाशित सामग्रीहरूसित सम्पादकको सहमति हुनु आवश्यक छैन। 2. समस्त प्रकारका विवादहरूका लागि देहरादून न्यायालनै मान्य होला।